# हाम्रो चैनपुर नगरपालिका

## स्थानीय पाठ्यक्रम, २०८२




चैनपुर नगरपालिका नगरपालिकाको कार्यालय, संखुवासभा

**प्रकाशक**

चैनपुर नगरपालिका नगरपालिकाको कार्यालय, संखुवासभा
© सर्वाधिकार प्रकाशकमा

**संरक्षक**

नगरप्रमुख श्री कृष्णकुमार तामाङ

नगर उपप्रमुख श्री एलिना श्रेष्ठ

**पाठ्यक्रम निर्माण तथा लेखन समिति**

| | |
|---|---|
| श्री ओमकार प्रसाद न्यौपाने (प्रमुख प्रशासकीय अधिकृत) | संयोजक |
| श्री गोविन्दमान तामाङ (प्रधानाध्यापक श्री सरस्वती मा.वि. चैनपुर) | सदस्य |
| श्री चहक बहादुर भण्डारी (पूर्व प्र.अ. शारदा मा.वि. खराङ) | सदस्य |
| श्री धनबहादुर दाहाल (पूर्व प्र.अ. बाणिविलास मा.वि. लोहकोट) | सदस्य |
| श्री उमेश कुमार राउत (मा.शि. शारदा मा.वि. खराङ) | सदस्य |
| श्री कल्पना पौडेल (दाहाल) (पूर्व प्र.अ. बालमन्दीर आ.वि. चैनपुर) | सदस्य |
| श्री कमल गौतम (शिक्षा अधिकृत) | सदस्य सचिव |
| श्री केशव पोख्रेल (प्रविधिक सहायक शिक्षा) | आमन्त्रित सदस्य |

**उपसमिति**

| | |
|---|---|
| श्री अमृत बहादुर कार्की | (प्र.अ. शारदा माध्यमिक विद्यालय पोखरी) |
| श्री अश्विनी कुमार त्रिताल | (मा.शि. अंग्रेजी) |
| श्री ईश्वरी खत्री | (मा.शि. अंग्रेजी) |
| श्री डिल्लीराम खत्री | (कम्प्युटर अपरेटर चैनपुर न.पा.) |
| श्री किशोर भट्टराई | (प्र.अ. सरस्वती मा.वि. हिटिटोल) |
| श्री मेघराज गौतम | (सहायक कर्मचारी, सरस्वती मा.वि. चैनपुर) |

**समन्वय तथा सल्लाहकार**

श्री नगर शिक्षा समिति चैनपुर नगरपालिका, सङ्खुवासभा

सम्पादन :

श्री श्री गुणराज श्रेष्ठ (मा.शि. नेपाली, सिंहदेवी मा.वि. नुनढाकी)

# भूमिका

संघीय शासन प्रणालीको कार्यान्वयनसँगै, स्थानीय तहलाई शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र समृद्धिका लागि विशेष अधिकार र जिम्मेवारी प्रदान गरिएको छ। नेपालको संविधान २०७२ को अनुसूची ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेको छ। यससँगै, 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' को दफा ११, उपदफा २(ज) ले विद्यालय शिक्षासम्बन्धी व्यवस्थाका लागि स्थानीय तहलाई स्पष्ट निर्देशन दिएको छ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय आवश्यकता, भाषा, संस्कृति र समाजका विविध पक्षलाई समेटेर पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिएको छ। यसै अनुरूप, चैनपुर नगरपालिकाले स्थानीय जनताको आवश्यकतालाई केन्द्रमा राखेर पाठ्यक्रम निर्माणको महत्त्वपूर्ण कार्य सम्पन्न गरेको छ।

पाठ्यक्रम निर्माण प्रक्रिया सरल र सहभागी बनाउन, चैनपुर नगरपालिका नगर शिक्षा समितिको निर्णय बमोजिम लेखन समिति गठन गरिएको थियो। यो समितिले स्थानीय आवश्यकता, भाषा, संस्कृति, परम्परा, र प्राकृतिक स्रोतसाधनहरूलाई समेट्ने गरी पाठ्यक्रम तयार पारेको छ। कक्षा १ देखि ८ सम्म लागू हुने यस पाठ्यक्रमले शिक्षालाई स्थानीय जीवनसँग प्रत्यक्ष जोड्दै, विद्यार्थीहरूलाई व्यवहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ।

यो पाठ्यक्रमले विद्यार्थीहरूलाई आफ्नै समुदाय, भाषा, संस्कृति, रीतिरिवाज र प्राकृतिक स्रोतहरूको ज्ञान प्रदान गर्दै, तिनको संरक्षण र प्रवर्द्धनमा योगदान पुर्याउने विश्वास गरिएको छ। साथै, पाठ्यक्रमले विद्यालय र समुदायबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउँदै, स्थानीय जनताको अपनत्व र शिक्षा क्षेत्रमा सहभागिता अभिवृद्धि गर्नेछ।

यस महत्वपूर्ण कार्यमा संलग्न नीति निर्माता, विषयविज्ञ, लेखन समितिका सदस्य, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवालाको योगदान अतुलनीय छ। यो दस्तावेज गतिशील भएकाले समयानुकूल सुधार, परिमार्जन र सान्दर्भिकता सुनिश्चित गर्न सुझावहरूको हार्दिक स्वागत छ।

यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्षको निरन्तर सहकार्य आवश्यक छ। पाठ्यक्रम निर्माण कार्यमा योगदान पुर्याउने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै, यस प्रयासले शिक्षा क्षेत्रको विकासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गर्दछौं।

लेखन समिति
चैनपुर नगरपालिका



**दुई शब्द**

समाज परिवर्तनको महत्वपूर्ण माध्यम शिक्षा हो। शिक्षालाई जीवनसंग जोड्न आजको आवश्यकता पनि हो। स्थानीय भाषा, धर्म, संस्कृति, भेषभुषा, पेशा, व्यवसायलाई शिक्षाको माध्यमबाट पुस्तान्तरण गर्नु आजको आवश्यकता हो। यहि विषयलाई ध्यानमा राखेर चैनपुर नगरपालिका आफ्नो क्षेत्राधिकार भित्रका समाजिक, सांस्कृतिक, प्राकृतिक भौगोलिक विविधताहरू र महत्त्वका अमूल्य निधिहरूलाई समेट्दै विद्यालयको आधारभूत तहमा समावेश हुने गरी स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरेको छ।

यस कार्यमा निरन्तर लाग्नु हुने चैनपुर नगरपालिकाका शिक्षा अधिकृत तथा कर्मचारी, विभिन्न विद्यालयका प्रधानाध्यापक तथा शिक्षक मित्रहरु, सुझाव प्रदान गर्नुहुने स्थानीय बुद्धिजीवी, महिला, नागरिक समाज, विभिन्न संघ संस्था, चैनपुर नगरपालिकाका वडाध्यक्षज्यूहरु, सम्पूर्ण कर्मचारी यूनिट लगायत सबै सरोकारवाला पक्षलाई हार्दिक धन्यवाद ब्यक्त गर्न चाहान्छु।

यस स्थानीय पाठ्यक्रमले यहाँको स्रोत साधन, समाजका रहनसहन, भाषा, संस्कृति, मौलिक परम्परा, पेसा व्यवसाय आदिको संरक्षण र प्रवर्धन गर्न सहयोग पुग्ने छ। यसलाई कार्यान्वयन गर्दै सिंगो नगर क्षेत्रको पहिचानलाई संरक्षण गर्नु हामि सबैको कर्तब्य र दायित्व पनि हो ।

**कृष्ण कुमार तामाङ**

**नगर प्रमुख**



**दुइ शब्द**

नेपालको संविधान, २०७२ ले शिक्षालाई एक महत्वपूर्ण मौलिक अधिकारको रुपमा राखेको छ । शिक्षा समाज परिवर्तन र विकासको मेरुदण्ड हो । शिक्षालाई समयसापेक्ष र जीवनोपयोगी बनाउनु आजको आवश्यकता रहेको छ । माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापकीय जिम्मेवारी संविधानले नै स्थानीय तहलाई दिएको छ ।

नेपालको विद्यालय शिक्षा पाठ्यक्रमको ब्यवस्था अनुसार हरेक पालिकाले आधारभूत तहमा एक स्थानीय पाठ्यक्रम बनाइ लागू गर्न सक्ने भएकोले यस चैनपुर नगरपालिकाले कक्षा १ देखि कक्षा ८ सम्म लागू हुने गरी "हाम्रो चैनपुर नगरपालिका" नामक स्थानीय पाठ्यक्रम, २०८२ प्रकाशन गरेको छ ।

हाल देश सङ्घीय शासन प्रणाली कार्यान्वयनको अभ्यासमा रहेको अवस्थामा राष्ट्रको विकास तथा समृद्धिमा स्थानीय तहको समेत महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

आम नागरिकले राष्ट्रको समग्र भूगोल, संस्कृति, राज्य ब्यवस्था तथा शासन प्रणाली सम्बन्धमा समुचित ढङ्गले बोध गर्न सके मात्र देश प्रेम र राष्ट्रियताको भावना उच्च बन्दै जान्छ । चैनपुर नगरपालिकाले सामान्यतया: सबै नगरवासी तथा विशेष रुपमा आधारभूत विद्यालय तहका विद्यार्थीहरूका लागी नगरपालिकाको भौगोलिक, ऐतिहासिक, धार्मिक, भाषिक, सांस्कृतिक लगायत समग्र पक्षको जानकारी गराउने साथै स्थानीय तहको वर्तमान संरचना, काम, कर्तव्य र अधिकारको बारेमा सुसूचित गराउने उद्देश्यले तयार पारिएको छ ।

यो पाठ्यक्रम तयार पार्ने क्रममा चैनपुर नगरपालिकाको शिक्षा शाखाले धेरै मेहनत पूर्वक तयार गरी प्रकाशन गरेको छ । आशा छ यस पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्म, भावना र उद्देश्यलाई पुरा गर्ने छ । साथै यस नगरपालिकाको समग्र विकास, परिवर्तन र समृद्धिलाई टेवा पुर्याउने छ ।

यस पाठ्यक्रम तयार पार्नका लागी विशेष भूमिकामा रहनु हुने शिक्षा समितिका पदाधिकारीहरू, शिक्षा अधिकृत कमल गौतम तथा विद्यालयका प्रधानाध्यापक, विज्ञ शिक्षकहरू सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । पाठ्यक्रममा रहेका केही कमी कमीकमजोरीहरूलाई पाठक र विज्ञहरूको प्रतिकृया र सुझावको आधारमा आगामी दिनमा परिमार्जन गरी परिष्कृत गरिदै लगिने विश्वास लिएको छु ।

एलिना श्रेष्ठ
उप-प्रमुख

## विषयसूची


| क्र.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | सिकाइ सहजिकरण विधि र प्रकृया | १ |
| २. | तहगत सक्षमता | ३ |
| ३. | विषयवस्तुको क्षेत्र र क्रम | |
| ३.१ | म र मेरो चैनपुर नगरपालिका | (५-१५) |
| ३.१.१ | कक्षा १ | ५ |
| ३.१.२ | कक्षा २ | ६ |
| ३.१.३ | कक्षा ३ | ८ |
| ३.१.४ | कक्षा ४ | ९ |
| ३.१.५ | कक्षा ५ | १० |
| ३.१.६ | कक्षा ६ | १२ |
| ३.१.७ | कक्षा ७ | १४ |
| ३.१.८ | कक्षा ८ | १५ |
| ३.२ | चैनपुर नगरपालिकाको संस्कार र संस्कृती | (१८-३८) |
| ३.२.१ | कक्षा १ | १८ |
| ३.२.२ | कक्षा २ | २१ |
| ३.२.३ | कक्षा ३ | २४ |
| ३.२.४ | कक्षा ४ | २७ |
| ३.२.५ | कक्षा ५ | ३० |
| ३.२.६ | कक्षा ६ | ३२ |
| ३.२.७ | कक्षा ७ | ३६ |
| ३.२.८ | कक्षा ८ | ३८ |
| ३.३ | चैनपुर नगरपालिकाको पेशा, ब्यवशाय र प्रविधि | (४१-७०) |
| ३.३.१ | कक्षा १ | ४१ |
| ३.३.२ | कक्षा २ | ४५ |
| ३.३.३ | कक्षा ३ | ४९ |
| ३.३.४ | कक्षा ४ | ५२ |
| ३.३.५ | कक्षा ५ | ५९ |
| ३.३.६ | कक्षा ६ | ६३ |
| ३.३.७ | कक्षा ७ | ६७ |
| ३.३.८ | कक्षा ८ | ७० |

| | | |
|---|---|---|
| ३.४ | अंग्रेजी भाषा शिक्षण | (७६-८०) |
| ३.४.१ | कक्षा १ | ७६ |
| ३.४.२ | कक्षा २ | ७८ |
| ३.४.३ | कक्षा ३ | ७० |
| ३.५ | कम्प्युटर शिक्षा | (८४-९०) |
| ३.५.४ | कक्षा ४ | ८४ |
| ३.५.५ | कक्षा ५ | ८५ |
| ३.५.६ | कक्षा ६ | ८७ |
| ३.५.७ | कक्षा ७ | ८८ |
| ३.५.८ | कक्षा ८ | ९० |
| ४. | स्थानीय विषयको थिमगत उपलब्धि विवरण | ९१ |
| ५. | मूल्याङ्कन अभिलेखिकरण फारम (कक्षा १-३) | ९२ |
| ६. | विद्यार्थी मूल्याङ्कन (कक्षा ४–८) | १०६ |
| ७. | विषयवस्तुको क्षेत्र र अनुमानित कार्यघण्टा कक्षा १, २ र ३ | १०७ |
| ८. | विषयवस्तुको क्षेत्र र अनुमानित कार्यघण्टा कक्षा ४, ५, ६, ७ र ८ | १०८ |
| ९. | कक्षा ४, ५, ६, ७ र ८ को आन्तरिक मूल्याङ्कन प्रक्रिया | १०९ |
| १०. | विशिष्टिकरण तालिका | ११० |

## सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (क) कक्षा १–३

पाठ्यक्रमले विद्यार्थीहरूबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरूले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए/नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रममले उल्लेख गरेकाले सोहीबमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई विद्यार्थीहरूमा स्थानीय विषयवस्तु र आवश्यकता अनुसारको ज्ञान, सीप र अभिवृत्तिको विकास हुने र सोको सुनिश्चितता हुने ठानिएको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि रणनीतिहरूको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । समयको मागबमोजिम सिकाइलाई निरन्तरता दिन तथा युगसापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइका माध्यमका रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सीपको विकास गरी आवश्यकता अनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । कक्षा १–३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू (नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरू सहजीकरण गर्दा आवश्यकता अनुसार स्थानीय विज्ञहरूको ज्ञान र सीपलाई उपयोग गर्न सकिन्छ । जसका लागि स्थानीय विज्ञहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सीपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नुपर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूह कार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरू विद्यार्थीहरूको आफ्नै सेरोफेरोका हुने भएकाले सैद्धान्तिकभन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्ने कुरामा शिक्षकले विशेष ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रीतिरिवाज, पेसा, व्यवसाय, प्रविधिहरूको प्रयोग, संरक्षण र विकास गर्न स्वयम् विद्यार्थीहरूको प्रत्यक्ष उपस्थिति हुने हुँदा उक्त विषयवस्तुहरूको ज्ञान, सीप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरूलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारूको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ :

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहुविषयक (विषयहरू अलगअलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरूमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाई सिकाइ सहजीकरण गर्नुपर्ने छ ।

- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १–३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्नेछ ।
- सिकाउनु पर्ने विषयवस्तु वा धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ । मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ । बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफैं सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारूलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्नेछ ।
- सिकारूहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सीप र अनुभवहरू एकआपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्ने तरिकाहरू अवलम्बन गर्नुपर्ने छ । सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्त्व सीप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा अपलोड गर्ने, यस्तै अन्य चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनु पर्नेछ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न र युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्यदृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री साथै विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोसिस गर्नुपर्ने छ ।

**(ख) कक्षा ४–८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया**

चैनपुर नगरपालिकाभित्रका सबै वडाहरूका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरू राखिएको हुँदा उक्त विषयवस्तुको व्यवहारिक ज्ञान, सीप र अभिवृत्ति विकासका लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, सङ्घसंस्था, धार्मिक स्थल, पेसा र व्यवसाय स्थल, वनसम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्च ज्ञानेन्द्रियद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ ।

पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्वीर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरूमार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धति तथा उपागमलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापका माध्यमबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत् बालबालिकाहरूमा पाठ्यक्रमले

तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि प्रयोग गर्न सकिने छ :

- प्रयोगात्मक विधि
- अवलोकन र परियोजना विधि
- क्षेत्र भ्रमण विधि
- छलफल विधि
- समस्या समाधान विधि
- प्रश्नोत्तर विधि
- घटना/मामिला अध्ययन विधि
- प्रदर्शन विधि
- सोधखोज विधि
- कथाकथन विधि

## तहगत सक्षमता

**कक्षा १ –३ का सक्षमताहरू**

(क) गाउँ टोल, वडा, जनप्रतिनिधि र भौगोलिक स्वरूपसहित चैनपुर नगरको सामान्य परिचय,
(ख) चैनपुर नगरको प्राकृतिक, पर्यटकीय, सामाजिक, धार्मिक र सांस्कृतिक सम्पदाको सामान्य परिचय,
(ग) चैनपुर नगरका पेसा, व्यवसाय, आधुनिक र परम्परागत प्रविधि तथा उद्योगको सामान्य परिचय,
(घ) अंग्रेजी भाषा सम्बन्धी सामान्य बोलिचालिको अभ्यास,

**कक्षा ४–५ का सक्षमताहरू**

(क) चैनपुर नगरको भौगोलिक, जनसाङ्ख्यिक र प्राकृतिक अवस्था र अवस्थितिको नक्साङ्कन तथा नगरको विकासमा योगदान पुर्याएका संस्थाको योगदानकोपहिचान र सम्मान,
(ख) चाडपर्व, धर्म, संस्कृति, लोकसङ्गीत र ऐतिहासिक स्थलको जानकारी, सहभागिता र सम्मान भावको विकास,
(ग) घर, विद्यालय र समाजमा स्थापित असल मूल्य, मान्यता, नियम, आचरणको पहिचान र अवलम्बन,
(घ) जैविक मल, तरकारी खेती, फलफूल खेती, प्रविधिको महत्वबोध र खेती कार्यमा सहयोग,
(ङ) असल आचरणको अवलम्बन, कुरीतिको निराकरण र स्वस्थ जीवनशैली अवलम्बन,
(च) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण र सरसफाइमा सहयोग,
(छ) कम्प्युटर प्रविधिको साधारण प्रयोग

**कक्षा ६–८ का सक्षमताहरू**

(क) नगरबाट प्रवाह हुने सेवाहरूको पहिचान र तिनको प्रभावकारिताका उपायहरूको खोजी,
(ख) स्थानीय सरकारको परिचय, गठन तथा काम, कर्तव्य र अधिकारको जानकारी, नगरले जारी गरेका मुख्य मुख्य कानुनी प्रावधानको जानकारी, नगरको विकासमा योगदान पुर्याएका संस्थाको परिचय,
(ग) चैनपुर नगरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक अवस्थाको विश्लेषण र महत्वबोध र संरक्षणका उपायहरू अवलम्बन,

(घ) नगरमा गरिने तरकारी खेती, फलफूल खेती, पशु तथा पक्षीपालन, जडिबुटी खेती, बेमौसमी खेती, हस्तकलाका सामग्रीहरूको निर्माण, प्रविधिहरूको पहिचान र महत्वबोध, सहभागिता र प्रवर्धनका उपायहरूको खोजी,

(ङ) कम्प्युटर प्रविधिको साधारण प्रयोग ,

चैनपुर नगरपालिकाको स्थानीय पाठ्यक्रम

विषयवस्तुको क्षेत्र र क्रम

**क्षेत्र १. म र मेरो चैनपुर नगरपालिका**

| क्र.सं. | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| कक्षा १ | १. आफू रहेको घर परिवार, टोल, वडा र स्थानीय तहको नाम बताउन | १. घर<br>२. परिवार<br>३. छिमेक<br>४. टोल<br>५. वडा नं.<br>६. चैनपुर नगरपालिका | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | १. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छिमेकीहरूको नाम, थर बताउन लगाउने,<br>२. चित्र प्रस्तुत गरी घर परिवारको बारेमा जानकारी गराउने,<br>३. प्रश्नोत्तरको माध्यमबाट आफ्नो टोल, छिमेकमा बसोबास गर्ने मानिसहरूको सङ्ख्या र अवस्थिति बताउन लगाउने,<br>४. आफू बसेको टोल, वडा र पालिकाको नाम बताउन लगाउने । | १. तपाईँको घर परिवारमा बुबा, आमा, दाजु, दिदीहरू कोको हुनुहुन्छ ?<br>२. तपाईँका छिमेकीहरू केकस्ता घरमा बसोबास गर्दछन् ?<br>३. तपाईँको टोलमा जम्मा कति घरधुरी रहेका छन् ?<br>४. तपाईँ कुन टोलमा बस्नुहुन्छ ?<br>५. तपाईँ कुन स्थानीय तहमा बस्नुहुन्छ ?<br>६. तपाईँ कुन वडामा बस्नुहुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. चैनपुर नगरपालिका र वडाहरूका सामान्य परिचय दिन | १. आफू बसेको वडा र चैनपुर नगरपालिकाको परिचय दिन | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | १. चित्रहरू प्रस्तुत गरी विद्यार्थीहरूलाई आफू बसेको वडाको परिचय दिन लगाउने,<br>२. चैनपुर नगरपालिकाका वडाहरूका संख्या बताउने,<br>३. आफ्नो विद्यालय रहेको वडा नं. पत्ता लगाउने,<br>४. आफू बसेको पालिकाको परिचय दिने । | १. तपाईँको पालिकाको नाम के हो ?<br>२. चैनपुर नगरपालिकामा कतिओटा वडाहरू रहेका छन् ?<br>३. तपाईँ कुन वडामा बस्नुहुन्छ ?<br>४. तपाईँको विद्यालय कुन वडामा पर्दछ ? |
| कक्षा २ | १. चैनपुर नगरपालिकाको सामाजिक पक्षको सामान्य परिचय दिन | १. आफ्नो घर परिवार र छरछिमेकमा रहेका जातजाति, धर्मको आदर, सम्मान, संस्कार | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | १. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छरछिमेकमा रहेका थरहरू, धर्महरूको सूची तयार पार्न लगाउने,<br>२. विद्यार्थीलाई आफ्नो घर परिवार र छरछिमेकमा रहेका मानिसहरूले आदर, सम्मानका लागि गर्ने प्रक्रियाहरूको बारेमा अभिनय गर्न लगाउने । | १. तपाईँको थर के हो ?<br>२. तपाईँले मान्ने धर्म के हो ?<br>३. तपाईँको छिमेकीहरूको थरहरूको सूची तयार गर्नुहोस् ।<br>४. तपाईँ आफूभन्दा ठुलालाई कसरी आदर गर्नुहुन्छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. चैनपुर नगरपालिकाको सांस्कृतिक पक्षको सामान्य परिचय दिन | १. आफ्नो घर परिवार र छरछिमेकमा मनाइने चाडपर्वहरू, जात्रा, उत्सव<br>२. जन्म, मृत्यु, विवाह, व्रतबन्ध र संस्कार | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | १. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छिमेकीहरूले मनाउने चाडपर्वको नाम उल्लेख गर्न लगाउने,<br>२. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छिमेकीहरूले गर्ने जन्म, मृत्यु, विवाह, व्रतबन्ध आदि संस्कारका बारेमा बताउन लगाउने,<br>३. शिक्षकले आवश्यक सहजीकरण गर्ने । | १. तपाईँलाई मन पर्ने चाड कुन हो ?<br>२. तपाईँको गाउँ घरमा मनाइने चाडपर्वहरू केके हुन् ?<br>३. तपाईँको घर/टोलमा जन्म पछि कुन संस्कार गरिन्छ ?<br>४. तपाईँको गाउँघरमा मृत्यु पछिको संस्कारलाई के भनिन्छ ? |
| | ३. चैनपुर नगरपालिकाको आर्थिक पक्षको सामान्य परिचय दिन । | १. पेसा व्यवसाय, खेतीपाती, व्यापार | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | १. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छिमेकीहरूले गर्दै आएको पेसाका बारेमा सूची तयार गर्न लगाउने,<br>२. विद्यार्थीहरूलाई आफ्नो घर परिवार र छिमेकीहरूले परम्परागत तथा आधुनिक रूपमा अँगाल्दै आएको पेसा व्यवसाय बताउन लगाउने । | १. तपाईँको बुबाआमा के काम गर्नु हुन्छ ?<br>२. तपाईँका गाउँमा के कस्ता कृषिउपजको उत्पादन गरिन्छ ?<br>३. तपाईँको टोलमा रहेका व्यापार, व्यवसाय गर्ने मानिसहरूको सूची बनाउनुहोस् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ३ | १. चैनपुर नगरपालिका मार्फत समूदायमा भएका कार्यहरू बताउन | १. समुदायको विकासका लागि चैनपुर नगरपालिकाको भूमिका<br>२. सडक, सरसफाइ, सिँचाइ, पुलपुलेसा, चेतनामूलक कार्यक्रमहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीहरूलाई चैनपुर नगरपालिकाबाट गरिएका विकास निर्माणका कार्यहरूको अवलोकन गराउने,<br>२. भएका कामलाई क्षेत्रगत र समूहगत रूपमा खोजी गरी प्रस्तुत गर्ने । | १. चैनपुर नगरपालिकामा भएका कुनै ४ ओटा विकास निर्माणका कार्यहरूको सूची तयार गर्नहोस् ।<br>२. कृषि, उद्योग, निर्माण तथा अन्य विषयगत क्षेत्रमा भएका कामको सूची बनाउनुहोस् । |
| | २. चैनपुर नगरपालिकाको भौगोलिक सीमाना र केन्द्र बताउन | १. सङ्खुवासभा जिल्लामा भएका स्थानीय तहहरूको सङ्ख्या र चैनपुर नगरपालिकाको सीमाना रहेको स्थानीय तहहरूको नाम तथा केन्द्रहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. जिल्लामा भएका स्थानीय तहहरूको सङ्ख्या बताउने र चैनपुर नगरपालिकाको सीमाना रहेको स्थानीय तहहरूको नाम तथा केन्द्रहरू प्रस्तुत गर्ने । | १. चैनपुर नगरपालिकाको सीमानामा कुन कुन स्थानीय तहहरू पर्दछन् ?<br>२. तपाईँको स्थानीय तहको केन्द्र रहेको ठाउँको नाम के हो ?<br>३. चैनपुर नगरपालिकाको चार सीमाना झल्किने गरी चित्र बनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ४ | १. चैनपुर नगरपालिकाको प्राकृतिक र भौगोलिक अवस्थाको परिचय दिन | १. चैनपुर नगरपालिकाको भौगोलिक अवस्थाको पहिचान, प्राकृतिक स्रोतहरू (वन जङ्गल, जलस्रोत, खनिज, जमिन र हावापानी आदि) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विभिन्न भौगोलिक क्षेत्रका विद्यार्थीहरू पहिचान गरी समूह बनाई आआफ्ना क्षेत्रको भौगोलिक अवस्था, हावापानी र प्राकृतिक सम्पदाको बारेमा छलफल, प्रश्नोत्तर आदि कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने,<br>२. नक्सा, ग्लोव, गूगल म्याप आदिको प्रयोग गर्ने । | १. तपाईँ बसोवास गरेको क्षेत्र कुन भौगोलिक क्षेत्रमा पर्दछ ?<br>२. तपाईँ बसोवास गर्ने क्षेत्रमा रहेका खोलानाला, वन जङ्गल, खनिज आदि साधनहरूको सूची बनाउनुहोस् ।<br>३. तपाईँ बसोबास गरेको क्षेत्रको हावापानी कस्तो छ ? |
| | २. चैनपुर नगरपालिकाबाट हुने मानवीय विकासका गतिविधिहरूको सामान्य परिचय दिन | १. चैनपुर नगरपालिकाबाट हुने मानवीय विकासका गतिविधिहरू<br>२. मानव विकासका लागि शिक्षा, स्वास्थ्य, खेलकुद, योग ध्यान व्यायाम, सीप विकास आदि | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीहरूलाई आफ्ना टोल समूहमा चैनपुर नगरपालिकाबाट भएगरेका मानवीय विकासका कार्यहरूको बारेमा शिक्षकबाट उदाहरण प्रस्तुत गर्दै विद्यार्थीहरूलाई अवलोकन भ्रमण, खोज कार्य गर्न लगाउने साथै समूहगत प्रस्तुतीकरण गर्न लगाउने । (शिक्षा, स्वास्थ्य, खेलकुद, जनसचेतना आदि जस्ता क्षेत्रमा भएका विकासहरू नै मानवीय विकासहरू हुन् ।)<br>२. विकासको आधारशीला नै मानव संसाधनको विकास हो भन्ने बोध गराउने | १. तपाईँको टोल/गाउँमा चैनपुर नगरपालिकाबाट भएका मानवीय विकासका कार्यहरू केके छन् ? सूची तयार गर्नुहोस् ।<br>(शिक्षकले थप मूल्याङ्कनका साधन प्रयोग गर्ने) |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. वडा समितिको गठन प्रक्रिया बताउन | १. विद्यार्थीहरूले हरेक वडामा १ जना वडाध्यक्षसहित विभिन्न समुदायको प्रतिनिधित्व हुने गरी निर्वाचित पाँच सदस्यीय वडा समिति गठन | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. छलफल, अभिनय आदिको माध्यमबाट वडा समितिमा महिला, दलित सबैको प्रतिनिधित्व हुने गरी वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्यको प्रतिनिधित्व आदिको जानकारी गराउने । | १. तपाईँको वडाको वडाध्यक्षको नाम के हो ?<br>(शिक्षकले थप मूल्याङ्कनका साधन प्रयोग गर्ने) |
| कक्षा ५ | १. चैनपुर नगरपालिकाको सामाजिक र सांस्कृतिक अवस्था बताउन | १. चैनपुर नगरपालिकाको सामाजिक अवस्था अन्तर्गत रहनसहन, जातजाति, लैङ्गिक, भाषिक अवस्था<br>२. चैनपुर नगरपालिकाको सांस्कृतिक अवस्था, विभिन्न चाडपर्व, रीतिरिवाज, जन्म, मृत्युपश्चात् गरिने संस्कार र संस्कृति | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीहरूलाई समूहमा विभाजन गरी चैनपुर नगरपालिकाको सामाजिक अवस्था, जातजाति, रहनसहन, गतिविधि आदिको बारेमा छलफल, समूह कार्य गराउने,<br>२. विभिन्न जातजाति तथा समुदायका विद्यार्थीहरूकाबीच चैनपुर नगरपालिकामा भएका चाडपर्व, रीतिरिवाज, जन्मपश्चात् न्वारान, मृत्युपश्चात् गरिने संस्कार आदिको बारेमा विभिन्न समूह बनाई छलफल, त्यस्तै उनीहरूका घरमा गरिने जीवनसँग सम्बन्धित संस्कारहरू केके छन् भनी छलफल गरी निष्कर्ष निकाल्ने । | १. चैनपुर नगरपालिकामा कुन कुन जातजाति बसोबास गर्दछन् ?<br>२. चैनपुर नगरपालिकामा लैङ्गिक समावेशीकरण, स्थानीय भाषा, भाषिकोहरूको प्रयोगको अवस्था उल्लेख गर्नुहोस् ।<br>२. तपाईँ र तपाईँका छिमेकीहरूका मुख्य चाडपर्वहरू केके हुन् ?<br>३. न्वारान र मृत्यु संस्कारको क्रममा गरिने क्रियाकलापहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. स्थानीय तहको निर्धारण र गठन प्रक्रिया बताउन | १. नेपालको संविधान अनुसार जनसङ्ख्या, भौगोलिक अवस्थाका आधारमा स्थानीय तह अन्तर्गत गाउँ/नगरपालिका गठन प्रक्रिया | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीहरूमा नेपालको संविधान २०७२ अनुसार स्थानीय तहको निर्धारणका आधारहरू : जनसङ्ख्या, भौगोलिक अवस्था; सोका आधारमा प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडाध्यक्ष, सदस्यहरू सहितको गाउँ/नगरपालिका गठन हुने कुरा छलफल, समूह विभाजन, अभिनय विधि आदि माध्यमहरू अवलम्बन गरी गठन प्रक्रिया प्रस्ट पार्ने । | १. चैनपुर नगरपालिकामा जम्मा कतिओटा वडाहरू छन् ?<br>२. स्थानीय तहको प्रमुख/उपप्रमुखको निर्वाचन एवम् गठन प्रक्रियालाई चार्टमा प्रस्तुत गर्नुहोस् । |
| | ३. वडा समितिको काम, कर्तव्य र अधिकार बताउन | १. स्थानीय तह अन्तर्गत वडा समितिको काम, कर्तव्य र अधिकारहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. वडा समितिको काम, कर्तव्य र अधिकारको सन्दर्भमा सम्बन्धित वडाध्यक्ष वा वडा सदस्यहरूलाई कक्षामा आमन्त्रित गरी प्रश्नोत्तर, छलफल, अभिनय आदि माध्यमद्वारा उनीहरूका काम कर्तव्यका बारेमा प्रस्ट पार्ने । | १. वडा समितिबाट हुने कुनै ५ वाटा कामको सूची बनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. कार्यपालिका सदस्यको काम, कर्तव्य र अधिकार बताउन | १. स्थानीय तहको कार्यपालिकालाई संविधान र कानुनले तोकिदिएको काम, कर्तव्य र अधिकार | चित्र, भिडियो, शिक्षक – विद्यार्थी निर्मित सामग्री हरु | १. चैनपुर नगरपालिकाको कार्यपालिकाका सदस्यहरूको काम, कर्तव्य र अधिकारको सन्दर्भमा कार्यपालिका सदस्यहरूलाई कक्षामा आमन्त्रित गरी विद्यार्थीहरूसँग प्रश्नोत्तर, छलफल र अन्तर्क्रिया गराउने,<br>२. संविधान र कानुन बमोजिमको काम, कर्तव्य र अधिकारको चार्ट प्रदर्शन गर्ने । | १. कार्यपालिकाको सदस्यहरूको कुनै ५ ओटा काम, कर्तव्य र अधिकारको सूची बनाउनुहोस् । |
| कक्षा ६ | १. चैनपुर नगरपालिकाको आर्थिक विकासका स्रोतहरूको बारेमा परिचित हुन | १. प्राकृतिक (जल, जमिन, जङ्गल), मानवीय स्रोत, कृषि, उद्योग, व्यापार, पर्यटन, व्यवसाय र सेवाक्षेत्र तथा सम्भाव्य अन्य स्रोत | चित्र, भिडियो, शिक्षक – विद्यार्थी निर्मित सामग्री हरु | १. शिक्षकले विद्यार्थीहरूलाई समूहमा विभाजन गरी चैनपुर नगरपालिकाको आर्थिक विकासका स्रोतहरूबारे छलफल तथा प्रस्तुति गराउने । जस्तै व्यापार, कृषि, तरकारी, खाद्यान्न बाली, पर्यटन । | १. चैनपुर नगरपालिकाको मुख्य आम्दानीको स्रोतको सूची बनाई प्रस्तुत गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. चैनपुर नगरपालिकाको नामकरण र ऐतिहासिक विशेषताहरू बताउन । | १. चैनपुर नगरपालिकाको नामकरणका आधारहरू<br>२. चैनपुर नगरपालिकाको ऐतिहासिक विशेषताहरू | | १. चैनपुर नगरपालिकाको नामकरणका आधारहरू जस्तै ऐतिहासिक, भौगोलिक, धार्मिक, नदी, पर्वत, गढी, पोखरी आदिका बारेमा खोज अनुसन्धानबाट निष्कर्षमा पुग्ने,<br>२. चैनपुर नगरपालिकाका ऐतिहासिक विशेषताहरूको बारेमा संवाद तयार गरी प्रस्तुतीकरण गर्ने । | १. चैनपुर नगरपालिकाको नामकरण केको आधारमा भएको छ ?<br>२. चैनपुर नगरपालिकाको कुनै तीनओटा ऐतिहासिक विशेषताहरू बताउनुहोस् । |
| | ३. स्थानीय तहका विषयगत समितिहरूको भूमिका बताउन | १. सामाजिक विकास समिति<br>२. पूर्वाधार विकास समिति<br>३. आर्थिक विकास समिति<br>४. वन वातावरण तथा विपत् व्यवस्थापन समिति<br>५. सुशासन तथा संस्थागत विकास समिति | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विभिन्न समितिहरूको चार्ट तयार गरी उक्त समितिहरूले खेल्ने भूमिका र सेवा प्रवाहका बारेमा छलफल, प्रश्नोत्तर आदिको माध्यमबाट निष्कर्षमा पुग्ने ।<br>२. विभिन्न समितिका संयोजक वा सदस्यहरूलाई विद्यालयमा आमन्त्रित गरी समितिको भूमिका र सेवा प्रवाहको अवस्थाबारे प्रश्नोत्तर गर्ने । | १. सामाजिक विकास समितिको मुख्य काम के हो ?<br>२. चैनपुर नगपालिकाको पूर्वाधार विकास समितिको सेवा प्रवाह कस्तो रहेको छ ?<br>३. वन, वातावरण तथा विपत् व्यवस्थापन समितिका कामहरूको सूची बनाउनुहोस् ।<br>४. सुशासन तथा संस्थागत विकास समितिका सेवाक्षेत्रहरू केके हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ७ | १. चैनपुर नगरपालिकाको योजना निर्माण र कार्यान्वयनमा नागरिकको भूमिका बताउन | १. चैनपुर नगरपालिकाको योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनमा नागरिकको भूमिका | | १. समूह विभाजन गरी स्थानीय नागरिकहरूको आवश्यकताको पहिचान गरी योजना छनौट र कार्यान्वयनमा के कस्तो भूमिका रहन्छ भन्ने बारेमा छलफल, प्रश्नोत्तर गराउने ।<br>२. चैनपुर नगरपालिकाभित्र सञ्चालित प्रमुख योजनाहरूको सूची बनाउने । | १. चैनपुर नगरपालिकामा योजना तर्जुमा र कार्यान्वयन गर्दा नागरिकको भूमिका के रहन्छ ?<br>२. चैनपुर नगरपालिकामा सञ्चालन हुने मुख्य योजनाहरूमध्ये कुनै ३ ओटाको नाम बताउनुहोस् । |
| | २. स्थानीय उपभोक्ताका समस्याहरू पहिचान गरी समाधानका उपायहरू बताउन | १. स्थानीय उपभोक्ताका समस्याहरु पहिचान र समाधानका उपायको खोजी | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. समूह विभाजन गरी स्थानीय उपभोक्ताहरूका समस्या समाधानमा छलफल, खोज परामर्श आदिबाट पहिचान भएका समस्या र समाधानका उपायहरू सम्बन्धमा अन्तर्क्रिया गरी निष्कर्षमा पुग्ने । | १. स्थानीय उपभोक्ताहरूका समस्याहरूको सूची प्रस्तुत गर्नुहोस् ।<br>२. स्थानीय उपभोक्ताहरूको समस्या समाधान गर्ने कुनै ५ ओटा उपायहरू उल्लेख गर्नुहोस् । |
| | ३. चैनपुर नगरपालिका भित्रका बैङ्क तथा वित्तीय संस्थाहरूको नाम बताउन | १. बैङ्क, सहकारी संस्थाहरू, अन्य संस्थाहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीलाई समूहमा विभाजन गरी चैनपुर नगरपालिकामा भएका आर्थिक कारोबार गर्ने बैङ्क, वित्तीय संस्था तथा अन्य संस्थाहरूको सूची तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>२. प्रस्तुतिका आधारमा अन्तिम सूची तयार गर्ने । | १. चैनपुर नगरपालिकाभित्र रहेका बैङ्कहरूको नामको सूची तयार गर्नुहोस् ।<br>२. चैनपुर नगरपालिकाभित्र रहेका सहकारी र अन्य वित्तीय संस्थाहरूको नाम लेख्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. पञ्जीकरणको महत्त्व बताउन | १. व्यक्तिगत घटना दर्ताको महत्त्व | | १. पञ्जीकरणको महत्त्वको सम्बन्धमा कक्षामा छलफल गराउने,<br>२. स्थानीय वडा कार्यालयमा पञ्जीकरण सम्बन्धी अवलोकन भ्रमण गराउने,<br>३. पञ्जीकरणबाट हुने फाइदा तथा आवश्यकता सम्बन्धी विज्ञ स्रोतव्यक्तिबाट कक्षा सञ्चालन गराउने(वडासचिव मार्फत् गराउन सकिने) | १. पञ्जीकरण किन आवश्यक छ ?<br>२. पञ्जीकरणबाट हुने कुनै पाँचओटा फाइदाहरू उल्लेख गर्नुहोस् । |
| कक्षा ८ | १. चैनपुर नगरपालिकाका पर्यटकीय क्षेत्र र सम्पदाहरूको परिचय दिन | १. चैनपुर नगरपालिकाका पर्यटकीय क्षेत्र र सम्पदाको पहिचान (मठ, मन्दिर, गुम्बा, चर्च, पोखरी, ताल, होटल, हिमाल, झरना, पार्क आदि) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. शिक्षकले विद्यार्थीहरूलाई समूह विभाजन, छलफल, प्रश्नोत्तर, खोज अनुसन्धान, स्थलगत अवलोकन भ्रमण जस्ता विधिबाट चैनपुर नगरपालिकाभित्र रहेका पर्यटकीय सम्पदा र क्षेत्रहरूको पहिचान गर्ने ।<br>(जस्तै सिद्धकाली मन्दिर, साङ्गाछ्योलिङ गुम्बा, तातोपानी, गुफापोखरी, बानेश्वर डाँडा, चैनपुर करुवा पार्क र होटलहरू आदि) | १. चैनपुर नगरपालिकामा रहेका मुख्य पर्यटकीय क्षेत्रहरू कुनकुन हुन् ?<br>२. चैनपुर नगरपालिकामा रहेका मठमन्दिर र गुम्बाहरूको सूची बनाउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. चैनपुर नगरपालिकाको विकास योजना छनौट र सञ्चालनबारे जानकारी दिन | १. चैनपुर नगरपालिकामा विकास योजना छनौट र सञ्चालन प्रक्रिया | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. चैनपुर नगरपालिकामा विकास योजना छनौट र सञ्चालन सम्बन्धमा छलफल, प्रश्नोत्तर आदिको माध्यमबाट स्पष्ट गर्ने,<br>२. चैनपुर नगरपालिकाबाट सञ्चालन भइरहेका कुनै योजनाको स्थलगत अवलोकन गराउने । | १. चैनपुर नगरपालिकामा सञ्चालन हुने कुनै २ ओटा योजनाको नाम भन्नुहोस् ।<br>२. योजनाको छनौट कसरी गरिन्छ ? |
| | ३. नगरसभाको गठन प्रक्रिया र यसका कार्यहरू बताउन | १. नगरसभाको गठन र यसका कार्यहरू | | १. नमुना नगरसभाको गठन गरी सभा सञ्चालन गर्ने/गराउने,<br>२. नगरसभाले गर्ने कार्यहरू प्रस्तुत गर्न लगाउने । | १. चैनपुर नगरपालिकाको नगरसभामा कति सदस्यहरू रहेका छन् ?<br>२. नगरसभाको कुनै पाँचओटा कामहरूको सूची बनाउनुहोस् । |
| | ४. स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्षका कार्यहरू बताउन | १. स्थानीय तहका प्रमुख/उपप्रमुखका कामहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी स्थानीय तहका प्रमुख/उपप्रमुखहरूको कामहरू टिपोट गर्न लगाउने,<br>२. अभिनय विधिद्वारा प्रमुख/उपप्रमुखको भूमिका निर्वाह गर्न लगाउने,<br>३. शिक्षकले संविधान र स्थानीय सरकार सञ्चालन ऐनका आधारमा निष्कर्ष बताइदिने । | १. स्थानीय तहका प्रमुख र उपप्रमुखका कुनै ४/४ ओटा कामहरू बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. स्थानीय तहका न्यायिक, विधान र आर्थिक समितिको भूमिका बताउन | १. न्यायिक समितिको गठन र भूमिका<br>२. विधायन समितिको गठन र भूमिका<br>३. आर्थिक समितिको गठन र भूमिका | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्री हरु | १. न्यायिक, विधायन र आर्थिक समिति गठन सम्बन्धी कानुनी ब्यवस्था सम्बन्धमा स्पष्ट गरिदिने,<br>२. न्यायिक, विधायन र आर्थीक समितिको भूमिका सम्बन्धमा नमूना अभ्यास गराउने । | १. न्यायिक, विधायन र आर्थिक समितिको गठन प्रक्रिया बताउनुहोस् ।<br>२. न्यायिक, विधायन र आर्थिक समितिको भूमिका उल्लेख गर्नुहोस् ।<br>३. न्यायिक समिति कति सदस्यीय हुन्छ ? |
| | ६. चैनपुर नगरपालिकाका सरकारी कार्यालयहरू, औद्योगिक, प्राविधिक, पेसागत र सामाजिक सङ्घसंस्थाहरूको भूमिका बताउन | १. औद्योगिक, प्राविधिक, पेसागत र सामाजिक सङ्घसंस्थाहरूको सूची, तिनीहरूको स्थापनाको उद्देश्य र भूमिका | | १. विद्यार्थीलाई चैनपुर नगरपालिकामा सञ्चालित विभिन्न औद्योगिक, प्राविधिक, पेसागत, सामाजिक, सङ्घसंस्था आदिबारे प्रश्नोत्तर, छलफल आदि प्रयोग गरी सूची तयार गर्ने,<br>२. सम्बन्धित संस्थाहरूको अवलोकन भ्रमण गरी/गराई विद्यार्थीहरूलाई समूहगत रूपमा उक्त संस्थाहरूको भूमिकाको बारेमा प्रतिवेदन तयार गर्न लगाउने । | १. चैनपुर नगरपालिकाभित्र रहेका औद्योगिक संस्था र पेसागत संस्थाको सूची बनाउनुहोस् ।<br>२. चैनपुर नगरपालिकामा सञ्चालित प्राविधिक र सामाजिक संस्थाहरूको भूमिका उल्लेख गर्नुहोस् । |

## क्षेत्र २. चैनपुर नगरपालिकाको संस्कार र संस्कृति

| क्र.सं. | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| कक्षा १ | १.आफ्नो परिवारले अपनाएको कुनै तीनओटा जीवन संस्कारको पहिचान गर्न | १.जन्म, नामकरण, विवाह र मृत्यु हुँदा गरिने संस्कार | १. चित्र , पोष्टर, डकुमेन्ट्री, विवाह, मृत्यु संस्कार गरिएका भिडियो तथा अन्तर्वार्ता | • बालबालिकालाई उनीहरूको घरमा मानिस जन्मँदा, नामकरण गर्दा, विवाह गर्दा र मृत्युपछि केके गरिन्छ, पालैपालो मौखिक छलफल गर्ने,<br>• एकभन्दा फरक प्रचलन भनेमा त्यसलाई बोर्डमा टिपेर छलफल गर्ने,<br>• किन फरक भएको होला प्रश्न गर्ने र विभिन्न जातजातिका फरकफरक संस्कार हुन्छन् भन्ने निष्कर्षमा पुग्न मद्दत गर्ने । | १.तपाईँको घरमा भाइबहिनी जन्मेपछि कसरी नाम राख्ने गरेको छ ?<br>२.तपाईँको घरपरिवारमा भएको विवाहमा केके काम गरिएको थियो ?<br>३.तपाईँको आफन्तको घरमा भन्दा फरक किसिमले अन्य ठाउँमा विवाह गरेको देख्नुभएको छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको कुनै दुई संस्कृतिको पहिचान गर्न | १.मुख्यमुख्य चाडपर्व विशेष अवसरमा गरिने गीत, नृत्य, झाँकी आदि | १. चित्र , पोष्टर, डकुमेन्ट्री, चाडपर्व, मेला, जात्रा आदिको भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा मनाउने मुख्य चाडपर्वहरू केके हुन् ? पालैपालो मौखिक छलफल चलाउने,<br>• बालबालिकाले मनाउने चाडपर्वमा गरिने मुख्यमुख्य क्रियाकलाप भन्न लगाउने,<br>• उनीहरूले भनेका क्रियाकलाप टिपोट गर्ने,<br>• यी क्रियाकलापहरू किन फरक परेका होलान् ? पालैपालो सोधी संस्कृतिका बारेमा स्पष्ट बनाउने,<br>• बालबालिकाहरूलाई कुनै चाडपर्व तथा खास अवसरमा लगाइने पहिरनका बारेमा छलफल चलाउने । उनीहरूले कुनै चाडपर्व, मेला, जात्रा तथा कुनै खास धार्मिक कार्यक्रममा जाँदा किन अलग अलग पहिरन लगाएका होलान् ? के समाजका सबै मानिसहरूको एकै प्रकारको पहिरन हुन्छ ? समाजका हरेक जातजातिको फरक पहिरनले के कुरा जनाउँछ जस्ता प्रश्नोत्तरको माध्यमले पहिरन पनि हाम्रो संस्कृतिको अभिन्न पक्ष हो भन्ने धारणाको विकास गराउने,<br>• विशेष अवसरमा गरिने गीत, नृत्य, झाँकी आदिका बारेमा पनि माथि उल्लेख गरिए झैँ क्रियाकलाप गर्ने । | • बालबालिकाहरूलाई उनीहरूले मनाउने मुख्यमुख्य चाडपर्व, मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन तथा विशेष अवसरमा गाइने गीत, गरिने नृत्य, झाँकी आदिसँग सम्बन्धित प्रश्न सोध्ने ।<br>• किन अलग अलग जातजाति र सम्प्रदायले फरक फरक चाडपर्व मानेका होलान् ?<br>• किन सबै मानिसले एकै प्रकारका पहिरन नलगाएका होलान् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको जीवन संस्कार र संस्कृतिको सकारात्मक पक्षहरू बताउन | १ .जन्म, नामकरण, विवाह र मृत्यु हुँदा गरिने कृयाकलाप, मुख्य चाडपर्वमा गरिने क्रियाकलाप, विभिन्न पहिरन आदि | १. चित्र , पोष्टर, डकुमेन्ट्री, चाडपर्व, मेला, जात्रा आदिको भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा बच्चा जन्म हुँदा, नामकरण गर्दा, विवाह गर्दा र मरिसकेपछि केके गरिन्छ भनी पालैपालो मौखिक छलफल चलाउने,<br>• बालबालिकाले भनेका क्रियाकलापमा उनीहरूलाई राम्रा लागेका क्रियाकलाप बताउन लगाउने,<br>• बालबालिकाहरूलाई मुख्य चाडपर्वमा गरिने क्रियाकलाप भन्न लगाई तीमध्ये आफूलाई मन परेका क्रियाकलापहरू भन्न लगाउने,<br>• त्यसैगरी उनीहरूले विभिन्न अवसरमा लगाउने विभिन्न पहिरनका राम्रा पक्षहरू उल्लेख गर्न लगाई उनीहरूको जीवन संस्कार र संस्कृतिका सकारात्मक पक्ष पहिचान गर्न सहयोग गर्ने । | • तपाईँको घरमा न्वारान गर्दा, कसैको विवाह हुँदा तपाईँलाई मन पर्ने दुईओटा कुराहरू केके हुन् भनी हरेक विद्यार्थीलाई प्रश्न सोध्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा २ | १.आफ्नो परिवारले अपनाएका कुनै ५ ओटा जीवनका संस्कारको पहिचान गर्न | 1. जन्म<br>2. अन्नप्राशन<br>3. नामकरण<br>4. विवाह र मृत्यु हुँदा गरिने संस्कार | १.चित्र, पोष्टर, कुनै डकुमेन्ट्री, विवाह, मृत्यु, अन्नप्राशन जस्ता संस्कार गरिएका भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा बच्चा जन्मँदा, नामकरण गर्दा, विवाह गर्दा, अन्नप्राशन गर्दा र मृत्यु पछि केके गरिन्छ भनी पालैपालो मौखिक छलफल चलाउने,<br>• एकभन्दा फरक प्रचलन भनेमा त्यसलाई बोर्डमा टिपोट गर्ने,<br>• किन फरक भएको होला भनी प्रश्न गर्ने र विभिन्न जातजातिका फरक फरक संस्कार हुन्छन् भन्ने निष्कर्षमा पुग्न मद्दत गर्ने । | • तपाईँको घरमा भाइबहिनी जन्मेपछि कसरी नाम राख्नुहुन्छ ?<br>• तपाईँको घर परिवारमा भएको विवाहमा केके कुरा गरिएको थियो ?<br>• तपाईँको घरगाउँमा भन्दा फरक किसिमले विवाह गरेको देख्नुभएको छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको कुनै ४ संस्कृतिको पहिचान गर्न | 1. मुख्यमुख्य चाडपर्व<br>२. मुख्यमुख्य अवसरमा लगाइने पहिरन<br>३. विशेष अवसरमा गरिने गीत तथा नृत्य, लय र झाँकी आदि | १. चित्र , पोष्टर, कुनै डकुमेन्ट्री, चाडपर्व, मेला, जात्रा आदिको भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा मनाउने मुख्य चाडपर्वहरू केके छन् भनी पालौपालो मौखिक छलफल चलाउने,<br>• उनीहरूले भनेका हरेक क्रियाकलाप टिपोट गर्ने ।<br>• यी क्रियाकलापहरू किन फरक परेका होलान् ? पालैपालो छलफल चलाई संस्कृतिका बारेमा स्पष्ट वनाउने,<br>• बालबालिकाहरूलाई कुनै चाडपर्व तथा खास अवसरमा लगाइने पहिरनका बारेमा छलफल चलाउने ।<br>• उनीहरूले कुनै चाडपर्व मेला, जात्रा तथा कुनै खास धार्मिक कार्यक्रममा जाँदा किन अलग अलग पहिरन लगाएका होलान् भनी छलफल गर्ने,<br>• के समाजका सबै मानिसहरूको एकै प्रकारको पहिरन हुन्छ ? किन फरक पहिरन लगाएको होला ? समाजका हरेक जातजातिका फरक पहिरनले के कुरा जनाउछ ? जस्ता प्रश्नोत्तरको माध्यमले पहिरन पनि हाम्रो संस्कृतिको अभिन्न पक्ष हो भनी धारणा विकास गराउने ।<br>• विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी प्रदर्शन आदिका बारेमा पनि माथि उल्लेख गरिए झैं क्रियाकलाप गर्ने | • बालबालिकाहरूलाई उनीहरूले मनाउने मुख्यमुख्य चाडपर्व, उनीहरूले मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन तथा विशेष अवसरमा गरिने गीत, नृत्य, झाँकी आदि सम्बन्धित प्रश्न सोध्ने,<br>• किन अलग अलग जातजाति र सम्प्रदायले फरक फरक चाडपर्व मानेका होलान् ?<br>• किन सबै मानिसले एकै प्रकारका पहिरन नलगाएका होलान् ?<br>• किन मानिसहरूले अलग अलग खालका गीत विभिन्न लयमा गाएका होलान् ?<br>• नृत्य र झाँकी किन समुदाय पिच्छे अलग अलग भएका हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. परिवारले अपनाएको जीवन संस्कार र संस्कृतिको सकारात्मक पक्षहरू र यिनीहरूको महत्त्व बताउन | • संस्कारका सकारात्मक पक्षहरू<br>• मुख्य चाडपर्वमा गरिने क्रियाकलापका सकारात्मक पक्षहरू<br>• मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरनका सकारात्मक पक्षहरू तथा महत्त्व<br>• विशेष अवसरमा गरिने गीत, नृत्य र झाँकीका सकारात्मक पक्षहरू तथा महत्त्व | १. चित्र , पोष्टर, कुनै डकुमेन्ट्री, चाडपर्व, मेला, जात्रा आदिको भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा मानिस जन्मँदा, नामकरण गर्दा, विवाह गर्दा र मृत्युपछि केके गरिन्छ भनी छलफल चलाउने,<br>• बालबालिकाले भनेका क्रियाकलापमा उनीहरूलाई राम्रो लागेका कुरा बताउन लगाउने,<br>• बालबालिकालाई मुख्य चाडपर्वमा गरिने क्रियाकलाप भन्न लगाई तीमध्ये आफूलाई मन परेका क्रियाकलापहरू भन्न लगाउने,<br>• त्यसैगरी उनीहरूले विभिन्न अवसरहरूमा लगाउने विभिन्न पहिरनका राम्रा पक्षहरू उल्लेख गर्न लगाई उनीहरूको जीवन संस्कार र संस्कृतिका सकारात्मक पक्ष पहिचान गर्न सहयोग गर्ने,<br>• समाजमा प्रचलित विभिन्न लयहरूका सकारात्मक पक्षहरू र यसको महत्त्वका बारेमा बुँदागत रूपमा भन्न लगाउने र शिक्षकले निष्कर्ष दिने । | • तपाईँका घरमा न्वारान गर्दा, कसैको विवाह हुँदा तपाईँलाई मन पर्ने कुराहरू केके हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ३ | १.आफ्नो परिवारले अपनाएको कुनै ७ ओटा जीवनका संस्कारको पहिचान गर्न र छरछिमेकीका संस्कार बताउन | • जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म, कर्णवेध संस्कार, विवाह र मृत्यु हुँदा गरिने संस्कार | • चित्र, पोष्टर, डकुमेन्ट्री, भिडियोहरू | • बालबालिकालाई उनीहरूको घरमा मानिस जन्मँदा, नामकरण गर्दा, विवाह गर्दा, अन्नप्राशन र मान्छे मरिसकेपछि गरिने क्रियाकलापहरूको पुनरावृत्ति गराउने,<br>• पुनरावृत्तिका क्रममा एकभन्दा फरक प्रचलन विद्यार्थीबाट उल्लेख भएमा त्यसलाई बोर्डमा टिपोट गर्ने र किन फरक भएको होला भनी छलफल गर्ने,<br>• चूडाकर्म, कर्णवेध जस्ता काम विद्यार्थीहरूले गरेका छन् वा छैनन्, प्रश्न सोध्ने र उक्त कार्य कसरी गरियो भनी स्मरणका आधारमा छलफल चलाउने,<br>• विद्यार्थीहरूलाई यी कार्यको सांस्कृतिक र वैज्ञानिक महत्त्व पहिल्याउन मद्दत गर्ने । | •तपाईँको घरमा भाइबहिनी जन्मेपछि कसरी नाम राखिन्छ ?<br>तपाईँको घरगाउँमा भन्दा फरक किसिमले विवाह गरेको देख्नुभएको छ ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको संस्कृति र समुदायका संस्कृतिको पहिचान गर्न | • परिवारले मनाउने मुख्यमुख्य चाडपर्व र सो अवसरमा लगाइने पहिरन<br>• परिवारभित्र विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी आदि<br>• परिवारभित्र गाइने विभिन्न लयहरू जस्तै श्लोक, वालन, धाननाच, तामाङ सेलो, लाखे नाँच, हाक्पारे, सङ्गिनी नाँच, साकेला, चण्डी नाँच, मारुनी नाँच आदि<br>• परिवारमा बजाइने बाजागाजा आदि<br>• समुदायले मनाउने मुख्यमुख्य चाडपर्व र सो अवसरमा लगाइने पहिरन<br>• समुदायभित्र विशेष अवसरमा गरिने गीत तथा नृत्य, | • चित्र, पोष्टर, कुनै डकुमेन्ट्री, चाडपर्व मेला, जात्रा आदिको भिडियोहरू । | • बालबालिकालाई उनीहरूको घरमा मनाउने मुख्य चाडपर्वहरू केके हुन् ? परिवारबाहेक समुदायका अरू जातजातिका मानिसहरूले मनाउने चाडपर्व केके हुन् भनी छलफल चलाएर त्यस्ता चाडपर्वमा गरिने मुख्यमुख्य क्रियाकलाप र सो अवसरमा लगाइने पहिरनका बारेमा छलफल चलाउने,<br>• कुनै चाडपर्व मेला, जात्रा तथा कुनै खास धार्मिक कार्यक्रममा जाँदा सबैले एकै प्रकारको पहिरन लगाउँछन् वा फरक फरक भनी प्रश्न गर्दै किन अलग अलग पहिरन लगाएका होलान्, के समाजका सबै मानिसहरूको एकै प्रकारको पहिरन हुन्छ, समाजका हरेक जातजातिका फरक पहिरनले के कुरा जनाउँछ, जस्ता प्रश्नोत्तरको माध्यमले पहिरन पनि हाम्रो संस्कृतिको अभिन्न पक्ष हो भनी धारणा विकास गराउने,<br>• विशेष अवसरमा गरिने गीत नृत्य झाँकी आदिका बारेमा पनि माथि उल्लेख गरिए झैं क्रियाकलाप गर्ने ।<br>• विभिन्न समुदायबाट आएका विद्यार्थीहरूलाई उनीहरूको परिवारमा जेष्ठ सदस्यहरूले गाउने गीत र बविताका लय भन्न लगाउने । के यी लयहरू कुनै खास अवसरमा गाउने गरिन्छ भनी | •बालबालिकाहरूलाई उनीहरूले मनाउने मुख्यमुख्य चाडपर्व तथा मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन तथा विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी आदिसँग सम्बन्धित प्रश्न सोध्ने ।<br>•किन अलग अलग जातजाति र सम्प्रदायले फरक फरक चाडपर्व मानेका होलान् ?<br>•किन सबै मानिसले एकै प्रकारका पहिरन नलगाएका होलान् ?<br>•किन मानिसहरूले अलग अलग खालका गीत विभिन्न लयमा गाएका होलान् ?<br>•नृत्य र झाँकी किन समुदाय पिच्छे अलग अलग भएका हुन् ?<br>•अलग अलग बाजा गाजाले के कुरालाई सङ्केत गर्दछ ?<br>•तपाईँका परिवारका संस्कृति अन्तर्गत पर्ने कुनै ५ र समुदायका संस्कृति अन्तर्गत पर्ने कुनै ३ ओटा कुराहरू केके हुन् ? |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.परिवारले अपनाएको जीवन संस्कार र संस्कृतिको सकारात्मक पक्षहरू र यिनीहरूको महत्त्व बताउन | • आफ्ना संस्कारका सकारात्मक पक्षहरू र यिनीहरूको महत्त्व<br>• मुख्य चाडपर्वमा गरिने क्रियालापका सकारात्मक पक्षहरू तथा महत्त्व<br>• मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन सकारात्मक पक्षहरू तथा महत्त्व<br>• विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी आदिका सकारात्मक पक्षहरू तथा महत्त्व<br>• विभिन्न लयहरूको सकारात्कम पक्ष तथा यसको महत्त्व<br>• परिवार र समुदायमा बजाइने बाजागाजा आदिको सकारात्मक पक्ष र महत्व | • चित्र, पोष्टर, कुनै डकुमेन्ट्री, चाडपर्व, मेला, जात्रा आदिको भिडियोहरू | • बालबालिकाहरूलाई उनीहरूका घर परिवारले अपनाएको संस्कारहरू केके हुन् भनी प्रश्न गर्ने र बोर्डमा यी संस्कारहरू केके हुन् भनी प्रश्न गर्ने र बोर्डमा यी संस्कारहरू लेखी त्यस्ता संस्कारका सकारात्मक पक्ष र यिनीहरूको महत्त्व पालैपालो भन्न लगाउने,<br>• उनीहरूले भन्न छुछाएका कुराहरूलाई शिक्षकले थप गरिदिने,<br>• बालबालिकाहरूलाई मुख्य चाडपर्वमा गरिने क्रियाकलाप, मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन, विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी तथा परिवार र समाजमा प्रचलित विभिन्न लयहरूका बारेमा समूहगत छलफल गराई भन्न लगाउने,<br>• बालबालिकाहरूलाई मुख्य चाडपर्वमा गरिने क्रियाकलाप, मुख्यमुख्य अवसरहरूमा लगाइने पहिरन, विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी, परिवार र समाजमा प्रचलित विभिन्न लयहरूका सकारात्मक पक्ष र यिनीहरूको महत्त्वलाई समूहगत रूपमा टिपोट र छलफल गराई उनीहरूले समावेश गर्न छुटाएका कुराहरू शिक्षकले थप गरी निष्कर्षमा पुग्न मद्दत गर्ने । | •तपाईँका परिवारले अपनाएका संस्कार र संस्कृतिका सकारात्मक पक्षहरू मध्ये कुनै ५ ओटा उल्लेख गर्नुहोस् ।<br>•तपाईँका समुदायले अपनाएका संस्कार र संस्कृतिका सकारात्मक पक्षहरू मध्ये कुनै ४ ओटा उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ४ | १.आफ्नो परिवार र छिमेकीले अपनाएका जीवनका संस्कारको असल पक्षहरू बताउन | • जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध, विवाह र मृत्यु हुँदा गरिने संस्कारका असल पक्षहरू | • चित्र, पोष्टर कुनै डकुमेन्ट्री, विवाह, मृत्यु, अन्नप्राशन , चूडाकर्म, मुण्डन संस्कार, कर्णवेध संस्कार जस्ता संस्कार गरिएका भिडियोहरू | • विद्यार्थीहरूलाई उनीहरूका घरमा परिवारले अपनाएका जीवनका संस्कारको बारेमा प्रश्न गर्ने,<br>• यसरी प्रश्न गर्दा सबै प्रकारका संस्कार जस्तै जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, विवाह र मृत्यु आदिका बारेमा प्रश्न गरी उनीहरूका विचारहरू टिपोट गर्ने,<br>• यस क्रममा त्यस्ता संस्कारहरूका राम्रा पक्षहरू समेत विद्यार्थीहरूलाई सोधी तिनीहरूको सूची तयार गर्ने,<br>• सूचीका राम्रा पक्षहरू कुनकुन आफ्नो परिवारभित्रका हुन र कुनकुन होइनन् भनी यकिन गर्न लगाउने,<br>• छिमेकीका संस्कारका असल पक्षहरू, आफ्नो परिवारभित्रका संस्कारको सूची तयार गर्न लगाउने । | • तपाईंको घरमा आफ्नो परिवारले अपनाएका जीवनका संस्कारको कुनै पाँचओटा असल पक्षहरू बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको संस्कृति र समुदायका संस्कृतिको सूची तयार गर्न | • परिवारले मनाउने मुख्यमुख्य चाडपर्व; सो अवसरमा लगाइने पहिरन, परिवारभित्र विशेष अवसरमा गाइने गीत तथा नृत्य, झाँकी आदि<br>• परिवारभित्र गाइने विभिन्न लयहरू जस्तै लोक, बालन, सङ्गिनी, हाक्पारे, तामाङ सेलो, मुन्धुम, पालम, आदि<br>• परिवारमा बजाइने बाजागाजा खैजडी, डम्फु, पुङ, विनायो, नर्सिंगा, मुरली, बाँसुरी, सनाही, कर्नाल, ढ्याङ्ग्रो, शङ्ख आदि | • चित्र, पोष्टर, आदि | • बालबालिकालाई उनीहरूको घरमा मनाउने मुख्य चाडपर्वहरू केके हुन्, परिवारबाहेक आफू बसेको वडाभित्रका समुदायका हरेक जातजातिका मानिसहरूले मनाउने मुख्य चाडपर्वहरू केके हुन्, भनी छलफल चलाएर त्यस्ता चाडपर्वमा गरिने मुख्यमुख्य क्रियाकलाप; सो अवसरमा लगाइने पहिरनका बारेमा छलफल चलाउने,<br>• जस्तो दौरा सुरुवाल, गुन्हयौचोली, घलेक …… त्यसैगरी परिवारमा बजाइने बाजागाजा आदिका बारेमा छलफल चलाउने,<br>• यस्ता चाडपर्व, चाडपर्वमा गरिने क्रियाकलापहरू, विशेष अवसरमा लगाइने पहिरन, बाजागाजा आदि परिवारका संस्कृति हुन् भन्ने निष्कर्ष निकाल्न मद्दत गर्ने,<br>• त्यसपछि बालबालिकाहरूलाई आफ्नो परिवारले अपनाएको संस्कृतिको सूची तयार गर्न लगाउने र उनीहरूका व्यक्तिगत सूचीलाई अन्तिम रूप दिन शिक्षकले मद्दत गर्ने,<br>• Think, Pair and Share विधिबाट आफ्नो परिवार र साथीको परिवारका अलग अलग संस्कृतिको सूची तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | •आफ्नो परिवारले अपनाएको संस्कृतिको सूची बनाउनुहोस् ।<br>•तपाईँका साथीहरूको वा समुदायका संस्कृतिको सूची तयार गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.आफ्नो जीवन संस्कार र संस्कृतिको संरक्षण गर्नु पर्ने कारण बताउन र समुदायमा प्रचलित संस्कार अनि संस्कृतिको महत्त्व बताउन । | • जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, विवाह र मृत्यु हुँदा गरिने संस्कार संरक्षण गर्नु पर्ने कारण ।<br>• मुख्यमुख्य चाडपर्वमा गरिने क्रियाकलापको संरक्षण गर्नु पर्ने कारण, विशेष अवसरमा गरिने गीत तथा नृत्य, झाँकी आदि संरक्षण गर्नु पर्ने कारण, विभिन्न लयहरू संरक्षण गर्नुपर्ने कारण, परिवार र समुदायमा बजाइने बाजागाजा आदिको संरक्षण गर्नु पर्ने कारण | • चित्र, पोष्टर कुनै डकुमेन्ट्री, विवाह, मृत्यु, अन्नप्राशन , चूडाकर्म, मुण्डन संस्कार, कर्णवेध संस्कार जस्ता संस्कार गरिएका भिडियोहरू | • बालबालिकाहरूलाई उनीहरूका घरपरिवारले अपनाएको संस्कारहरू जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म, संस्कार, कर्णवेध, विवाह र मृत्यु हुँदा गरिने संस्कार राम्रो लागेका छन् कि छैनन् भनी प्रश्न गर्ने,<br>• राम्रा लागेका कुराहरू उनीहरू भावी पुस्तामा जाओस् भन्ने चाहना राख्नेहरूलाई हात उठाउन लगाउने,<br>• उनीहरूलाई किन राम्रो लागेको भन्ने कुराको छलफल चलाउने,<br>• छलफलमा आएका कुराका आधारमा अन्य बुँदाहरू समेत थपेर शिक्षकले निष्कर्ष दिने,<br>• बालबालिकाहरूलाई परिवार तथा समुदायका मुख्यमुख्य चाडपर्व, गीत, नृत्य, झाँकी, विभिन्न लयहरू तथा परिवार र समुदायमा बजाइने बाजागाजा आदिका बारेमा माथिकै प्रक्रियाअनुसारका क्रियाकलापहरू गरी यिनीहरूको संरक्षण गर्नु पर्ने कारण र महत्त्व बताउन सक्षम हुने क्रियाकलाप गराउने । | •आफ्नो जीवन संस्कार र संस्कृतिको संरक्षण गर्नु पर्ने कुनै तीनओटा कारण भन्नुहोस् ।<br>•समुदायमा प्रचलित संस्कार अनि संस्कृतिको कुनै तीनओटा महत्त्व बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ५ | १.आफ्नो परिवारले अपनाएका जीवनका संस्कारका असल र सुधार गर्नु पर्ने पक्ष उल्लेख गर्न | • जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, विवाह र मृत्यु हुँदा गरिने संस्कारका असल पक्षहरू र सुधार गर्नु पर्ने पक्षहरू | • संस्कार सुधार संबन्धी चित्र, पोष्टर, डकुमेन्ट्री, विभिन्न भिडियोहरू आदि | • विद्यार्थीहरूलाई उनीहरूका घरपरिवारले अपनाएका जीवनका संस्कारको बारेमा प्रश्न गर्ने,<br>• यसरी प्रश्न गर्दा सबै प्रकारका संस्कार जस्तै जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध, विवाह र मृत्यु आदिका राम्रा र सुधार गर्नु पर्ने पक्षहरू केके छन् भनी छलफल चलाउने,<br>• उनीहरूबाट आएका उत्तरका आधारमा संस्कारहरूका राम्रा पक्षहरू र सुधार गर्नु पर्ने पक्ष समेत विद्यार्थीहरूलाई सोधी तिनीहरूको सूची तयार गर्ने,<br>• आफ्नो परिवार तथा समुदाय भित्रका सुधार गर्नु पर्ने संस्कारहरूको सूची बनाउन लगाएर कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले उनीहरूले छुटाएका कुराहरू थप गरी निष्कर्षमा पुग्न मद्दत गर्ने । | •तपाईंको घरमा आफ्नो परिवारले अपनाएका जीवनका संस्कारको कुनै ५ ओटा असल पक्षहरू बताऊ ।<br>•तपाईंका छरछिमेकीका संस्कारका सुधार गर्नु पर्ने कुनै ३ संस्कार बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.आफ्नो परिवारले अपनाएको संस्कृति र समुदायका संस्कृतिका असल पक्षहरू उल्लेख गर्न | • आफ्नो परिवारले अपनाएको संस्कृतिका असल पक्षहरू र समुदायका संस्कृतिका असल पक्षहरू | • असल संस्कृति झल्काउने चित्र, पोष्टर, पोशाक, बाजागा जाका चित्र । | • बालबालिकालाई उनीहरूको घरमा परिवारले अवलम्बन गरेको संस्कृतिका बारेमा छलफल चलाउने र त्यस्ता संस्कृतिहरूको सूची तयार गराउने,<br>• यस्ता संस्कृतिका असल पक्षहरू केके हुन सक्सन भनी प्रश्न गरी उनीहरूका कापीमा विचार लेख्न लगाउने,<br>• विद्यार्थीबाट आएका विचारहरूलाई टिपोट गरी निष्कर्ष निकाल्न मद्दत गर्ने,<br>• Think, pair and share विधिबाट आफ्नो परिवार र साथीको परिवारका अलग अलग संस्कृतिको असल पक्षको सूची सङ्कलन गर्न लगाउने,<br>• उनीहरूले सङ्कलन गरेको सूचीका बुँदाहरू शिक्षकले बोर्डमा टिपोट गरी समुदायका संस्कृतिका असल पक्षहरू पहिचान गर्न लगाउने । | • आफ्नो परिवारले अपनाएको संस्कृतिका कुनै ५ ओटा असल पक्षहरू उल्लेख गर्नुहोस् ।<br>• तपाइँ बसेको समुदायका मानिसहरूले अपनाएको संस्कृतिको ३ ओटा असल पक्षहरू उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ६ | १.जीवनका संस्कारको सुधार गर्नु पर्ने कारण उल्लेख गरी सुधार गर्ने तरिका बताउन | • जीवनका संस्कारको सुधार गर्नु पर्ने कारण, जीवनका संस्कारको सुधार गर्ने तरिका | • संस्कार सुधार सम्बन्धी चित्र, पोष्टर आदि | • विद्यार्थीहरूलाई उनीहरूका घरमा परिवारले अपनाएका जीवनका संस्कारको बारेमा प्रश्न गर्ने, यसरी प्रश्न गर्दा सबै प्रकारका संस्कार जस्तै जन्म, अन्नप्राशन, नामकरण, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, विवाह र मृत्यु आदिका सुधार गर्नु पर्ने पक्षहरूलाई किन सुधार गर्न आवश्यक छ? भनी छलफल चलाउने,<br>• उनीहरूले उत्तरका आधारमा संस्कारहरूका राम्रा पक्षहरू र सुधार गर्नु पर्ने पक्षलाई सुधार गर्नका कारण विद्यार्थीहरूलाई सोधी तिनीहरूको सूची तयार गर्ने,<br>• सूचीमा उल्लेख भएका सुधार गर्ने कारणसहितको सूचीमा आधारित भई त्यस्ता संस्कारलाई कसरी सुधार गर्न सकिन्छ भनी सुधारका उपाय विद्यार्थीहरूबाट सङ्कलन गरी बोर्डमा टिपोट गर्ने । | •जीवन संस्कारको सुधार गर्नु पर्ने कुनै ३ ओटा कारणहरू बताउनुहोस् ।<br>•जीवनका संस्कारको सुधार गर्नु पर्ने कुनै ३ ओटा उपायहरू बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.संस्कृतिको असल पक्षहरू र संरक्षण गर्ने उपाय बताउन र सुधार गर्नु पर्ने पक्षहरूलाई सुधार गर्न सकिने उपायहरूको सूची तयार गर्न | • संस्कृतिको असल पक्षहरू संरक्षण गर्ने उपायहरू, संस्कृतिको सुधार गर्नु पर्ने पक्षहरूलाई सुधार गर्न अवलम्बन गर्न सकिने उपायहरू | • असल संस्कृति झल्काउने चित्र, पोष्टर, पोशाक, बाजागाजाका चित्र | • बालबालिकालाई उनीहरूको घरमा परिवारले अवलम्वन गरेको संस्कृतिका बारेमा छलफल चलाउने र त्यस्ता संस्कृतिहरूको सूची तयार गराउने,<br>• यस्ता संस्कृतिका असल पक्षहरू केके हुनसक्छन् भनी प्रश्न गरी उनीहरूका कापीमा विचार लेख्न लगाउने,<br>• विद्यार्थीबाट आएका विचारहरूलाई शिक्षकले टिपोट गरी परिवारका संस्कृतिका असल पक्षलाई कसरी संरक्षण गर्न सकिन्छ भनी प्रश्न राख्ने,<br>• उनीहरूको विचार बोर्डमा टिपोट गरी उनीहरूले औँल्याउन नसकेका पक्षहरू समेत समावेश गरी निष्कर्ष निकाल्न मद्दत गर्ने,<br>• हाम्रा संस्कृतिका कुन कुन पक्षहरूमा सुधार गर्न जरुरी छ भनी प्रश्न गर्ने र संस्कृतिका त्यस्ता पक्षहरूलाई सुधार गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ भनी कक्षामा सानो समूहमा छलफल चलाउने र उनीहरूका विचार प्रस्तुत गर्न लगाउने,<br>• उनीहरूका विचारले समेट्न नसकेका कुरालाई समावेश गरी शिक्षकले संस्कृतिको सुधार गर्नका लागि अवलम्बन गर्न सकिने उपायहरूको सूची प्रस्तुत गर्ने । | •संस्कृतिको असल पक्षहरू संरक्षण गर्ने कुनै ३ ओटा उपायहरू उल्लेख गर्नुहोस् ।<br>•संस्कृतिको सुधार गर्न अवलम्बन गर्न सकिने कुनै ३ ओटा उपायहरू उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | 3. मानव जीवनमा संस्कार र संस्कृतिको महत्त्व उल्लेख गरी संस्कार र संस्कृतिको भावी पुस्तामा हस्तान्तरण गर्नुको आवश्यकता बताउन र समुदायमा प्रचलित संस्कार अनि संस्कृतिको संरक्षण गर्नु पर्ने कारण बताउन | • मानव जीवनमा संस्कार र संस्कृतिको महत्त्व, संस्कार र संस्कृतिको भावी पुस्तामा हस्तान्तरण गर्नुको आवश्यकता<br>• समुदायमा प्रचलित संस्कार र संस्कृतिको संरक्षण गर्नु पर्ने कारण | • संस्कारयुक्त र संस्कारविहीन मानिसका चित्र, कुनै डकुमेन्ट्री तथा भिडीयोहरू | • बालबालिकाहरूलाई संस्कार र संस्कृति विनाको मानवको कल्पना गर्न लगाउने र उनीहरूका घरपरिवार र समाजले अवलम्बन गरेको संस्कार र संस्कृतिको मानव जीवनमा के महत्त्व छ ? भनी प्रश्न गर्ने,<br>• बालबालिकाबाट आएका उत्तरहरूलाई बोर्डमा टिपोट गरी मानव जीवनमा संस्कार र संस्कृतिको महत्त्वका सूची टिपोट गराउने,<br>• तपाईँहरूले लुगा लगाएर हिड्न, पकाएर खान वा आफूभन्दा ठूलालाई भेट्दा नमस्कार गर्न कसरी सिक्नुभयो भनी प्रश्न गर्ने,<br>• यो संस्कार कसरी सिक्नुभयो भनी छलफल चलाउने, संस्कार र संस्कृतिको भावी पुस्तामा हस्तान्तरण गर्न किन आवश्यक छ भनी व्यक्तिगत विचार दिनुहोस् विधि (Through your Opinion) प्रयोग गरी विचार सङ्कलन गर्ने ।<br>• विद्यार्थीबाट आएका विचार र शिक्षकका विचारसमेत समावेश गरी संस्कार संस्कृति हस्तान्तरणको आवश्यकता पुष्टि गराउने,<br>• माथि गरिएका जस्तै क्रियाकलाप गरी समुदायमा प्रचलित संस्कार अनि संस्कृतिको संरक्षण गर्नु पर्ने कारण समेत प्रस्ट बनाउने । | •मानव जीवनमा संस्कार र संस्कृतिको कुनै ४ ओटा महत्त्व बताउनुहोस् ।<br>•संस्कार र संस्कृतिको भावी पुस्तामा हस्तान्तरण गर्नुका कुनै ३ ओटा आवश्यकता बताउनुहोस् ।<br>•समुदायमा प्रचलित संस्कार अनि संस्कृतिको संरक्षण गर्नु पर्ने कुनै चारओटा कारण उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ७ | १. संस्कार र संस्कृतिले सुसम्पन्न नागरिकका विशेषताहरू उल्लेख गर्न | • संस्कार र संस्कृतिले सुसम्पन्न नागरिकका विशेषताहरू | • संस्कारयूक्त मानिसका चित्र, पोष्टर, डकुमेन्ट्री, विभिन्न भिडियोहरू | • विद्यार्थीहरूलाई मानिसले गर्ने राम्रा व्यवहार र नराम्रा व्यवहार केके हुन् भनी तालिका बनाउन लगाउने,<br>• उनीहरूबाट प्रस्तुत तालिकालाई अन्तिम रूप दिएपछि राम्रो व्यवहार गर्ने र नराम्रो व्यवहार गर्ने मानिसका विशेषताहरू उल्लेख गर्न लगाउने । | • सुसंस्कारले सम्पन्न नागरिकका ५ ओटा विशेषताहरू बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. जीवन संस्कारले समाजमा पार्न सक्ने असर वा प्रभाव बताउन | • जीवनका संस्कारले समाजमा पार्न सक्ने असर वा प्रभावहरू | • असल संस्कार झल्काउने चित्र, पोष्टर, युट्युव भिडियो, डकुमेन्ट्री | • बालबालिकालाई उनीहरूको घरमा परिवारले अवलम्बन गरेको संस्कारका बारेमा पोष्टर छलफल चलाउने र त्यस्ता संस्कारहरूको सूची तयार गराउने,<br>• यस्ता संस्कारहरूले उनीहरूका कुनकुन पक्षहरूमा केकस्ता असर पारेका हुन्छन् भनी प्रश्न गरी उनीहरूका कापीमा विचार लेख्न लगाउने,<br>• विद्यार्थीबाट आएका विचारहरूलाई शिक्षकले टिपोट गरी परिवारका संस्कारले व्यक्तिलाई पारेको प्रभाव जसरी नै मानिसको जीवनका संस्कारले समाजमा केकस्तो असर वा प्रभाव पारेको हुन्छ भनी छलफल चलाउने,<br>• असल संस्कारले पारेका असल असर तथा खराब संस्कारले पारेका असरको तुलना गर्न लगाई निष्कर्ष निकाल्न मद्दत गर्ने । | • जीवन संस्कारले समाजमा पार्न सक्ने कुनै ३ ओटा असर वा प्रभावहरू उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. सांस्कृतिक सम्पन्नताले पूर्ण समाजका विशेषताहरू बताउन | • सांस्कृतिक सम्पन्नता पूर्ण समाजका विशेषताहरू समउन्नयन, समविकास समान महत्त्व, समादर, समान अवसर आदि | सांस्कृतिक सम्पन्नताले पूर्ण समाजका विशेषताहरू लेखिएको चार्ट तथा भिडियोहरू | • बालबालिकाहरूलाई सबै खाले संस्कृतिले सम्पन्न भएको समाज कस्तो होला भनी प्रश्न गर्ने,<br>• उनीहरूबाट व्यक्त गरिएका विचारका आधारमा सांस्कृतिक सम्पन्नताले पूर्ण समाजका विशेषताहरू उल्लेख गर्ने । | • सांस्कृतिक सम्पन्नताले पूर्ण समाजका कुनै चारओटा विशेषताहरू उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ८ | १. संस्कार र संस्कृतिले सुसम्पन्न नागरिकका हैसियतबाट समाज रूपान्तरणमा व्यक्तिको भूमिका उल्लेख गर्न | • समाज रूपान्तरणमा व्यक्तिको भूमिका | समाज रूपान्तरण मा व्यक्तिका भूमिका लेखिएका चार्ट | • विद्यार्थीहरूलाई तपाईँ पढिरहेको विद्यालय कसले, कहिले स्थापना गरेको हो, तपाईँहरूलाई थाहा छ ? गाउँमा बाटो बनाउन कसले पहल **गऱ्यो**, गाउँ घरको सरसफाइमा को सक्रिय छ जस्ता प्रश्न गर्ने, उनीहरूले किन त्यसो गरेका होलान् भनी अनुमान गर्न लगाउने,<br>• उनीहरूले गरेका छलफलका आधारमा समाज परिवर्तनका लागि कस्ता मानिसहरूले सक्रिय भूमिका खेल्छन्, समाजमा कसरी परिवर्तन ल्याउन सक्छन् भनी उनीहरूको भूमिकाको सूची बनाउन लगाउने । | • समाज रूपान्तरणमा व्यक्तिको कुनै ५ ओटा भूमिका उल्लेख गर्नुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. असल जीवन संस्कारले रूपान्तरित हुन सक्ने समाजको स्वरूप बताउन | • असल जीवन संस्कारले रूपान्तरित हुन सक्ने समाजको स्वरूप<br><br>(जस्तैः इमान्दार व्यक्तिहरूको समाज, निष्पक्ष, निष्कपट व्यक्तिहरूको समाज, उत्तरदायीपूर्ण व्यक्तिहरूको समाज, आदरणीय व्यक्तिहरूको समाज, दया करुणायुक्त व्यक्तिहरूको समाज, दयावान् व्यक्तिहरूको समाज, सहिष्णु व्यक्तिहरूको समाज, विनम्र व्यक्तिहरूको समाज,स्व अनुशासित व्यक्तिहरूको समाज, नैतिक साहस भएका व्यक्तिहरूको समाज, न्यायिक | चार्टहरू | • बालबालिकालाई उनीहरू कस्तो समजमा बस्न रुचाउँछन्, तपाईँहरू बस्ने समाजमा कस्ताकस्ता मानिसहरू बसून् भन्ने चाहनुहुन्छ भनी त्यस्ता मानिसहरूका विशेषताका सूची बनाउन लगाउने र उनीहरूले तयार गरेका सूचीका आधारमा असल जीवन संस्कारले उनीहरूले चाहना गरेको जस्तो समाजको सिर्जना हुने कुरा निष्कर्ष निकाल्न मद्दत गर्ने,<br>• असल जीवन संस्कारले रूपान्तरित हुन सक्ने समाजको स्वरूप लेखिएको चार्ट प्रस्तुत गरी विद्यार्थीलाई स्पष्ट पार्ने । | • असल जीवन संस्कारले रूपान्तरित हुन सक्ने समाजको स्वरूप बताउनुहोस् । |

| | | | | | |
|---|---|---|---|---|---|
| | 3. सांस्कृतिक सम्पन्नताले भरिपूर्ण समाजको आवश्यकता पुष्टि गर्दै सांस्कृतिक सम्पन्नताका लागि व्यक्ति र समाजले खेल्ने भूमिका उल्लेख गर्न | • सांस्कृतिक सम्पन्नताले भरिपूर्ण समाजको आवश्यकता<br>• सांस्कृतिक सम्पन्नताका लागि व्यक्ति र समाजले खेल्ने भूमिका | • सांस्कृतिक सम्पन्नतापूर्ण समाजका आवश्यकताहरू लेखिएको चार्ट<br>• सांस्कृतिक सम्पन्नताका लागि व्यक्तिले खेल्ने भूमिका लेखिएको चार्ट,<br>• सांस्कृतिक सम्पन्नताका लागि समाजले खेल्ने भूमिका लेखिएको चार्ट | • बालबालिकाहरूलाई सबैखाले संस्कृतिले सम्पन्न भएको समाज कस्तो होला भनी प्रश्न गर्ने,<br>• उनीहरूबाट व्यक्त गरिएका विचारका आधारमा त्यस्तो समाजको आवश्यकता किन पर्ला भनी प्रत्र गर्ने र उनीहरूका उत्तर आफ्नो अभ्यास पुस्तिकामा व्यक्तिगत रूपमा लेख्न लगाउने,<br>• उनीहरूले लेखेका उत्तर पालैपालो प्रस्तुत गर्न लगाई नदोहोरिने गरी बोर्डमा लेख्ने र उनीहरूले समेट्न नसकेका कुराहरू शिक्षकले थप गरी निष्कर्षमा पुग्न मद्दत गर्ने,<br>• बालबालिकाहरूलाई एउटा व्यक्ति र समाजले सांस्कृतिक सम्पन्नताका लागि खेल्न सक्ने भूमिका पहिचान गराउन मद्दत गर्ने,<br>• उनीहरूले पहिचान गरेका भूमिकालाई बोर्डमा टिपोट गर्दै जाने र आफूले समेत बुँदा थप गरी तयार गरिएको अन्तिम सूची अभ्यास पुस्तिकामा टिपोट गर्न लगाउने । | • सांस्कृतिक सम्पन्नताले भरिपूर्ण समाजको किन आवश्यकता छ कारण उल्लेख गर्नुहोस् । सांस्कृतिक सम्पन्नताका लागि व्यक्तिले खेल्ने कुनै ३ ओटा भूमिका उल्लेख गर्नुहोस् । सांस्कृतिक सम्पन्नताका लागि समाजले खेल्ने कुनै चार ओटा भूमिका केके हुन सक्छन ? उल्लेख गर्नुहोस् । |

**क्षेत्र ३, चैनपुर नगरपालिकाको पेसा, व्यवसाय र प्रविधि**

| क्र.सं. | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण | मूल्याङ्कन |
|---|---|---|---|---|---|
| कक्षा १ | १. आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसायको नाम बताउन | • परिवारका सदस्यहरूले गर्ने पेसा र व्यवसाय कृषि, व्यापार, शिक्षक, वकिल, डाक्टर, इन्जिनियर, पाइलट | पेसा तथा व्यवसायको चित्र तथा भिडियो | • विद्यार्थीहरूलाई विभिन्न पेसा तथा व्यवसायको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको नाम बताउन लगाउने,<br>• विद्यार्थीहरूलाई आफ्नो परिवारका सदस्यहरूले गर्ने पेसा तथा व्यवसायको नाम बताउन लगाउने,<br>• विभिन्न पेसा तथा व्यवसायहरूको चित्रमा रङ भर्न लगाउने<br>• परिवारका सदस्यले गर्ने पेसा तथा व्यवसायमा आफूले गरेको सहयोग बताउन लगाउने । | • परिवारका सदस्यहरूले गर्ने पेसा तथा व्यवसायको नाम बताउनुहोस् ।<br>(परिवारका सदस्यले गर्ने पेसा तथा व्यवसाय र तिनको चित्रबीच जोडा मिलाउन लगाएर चित्रमार्फत पेसा तथा व्यवसायहरू पहिचान गर्न लगाउने) |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. खेतबारीमा गरिने तरकारी खेती, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटीको पहिचान गर्न | • तरकारी, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटीहरू<br>• खेतबारीमा खेती गरिने तरकारीहरू<br>• घरमा खेती गरिने अन्नबाली, नगदेबाली<br>• घरमा खेती गरिने फलफूलहरू<br>• घरमा खेती गरिने जडीबुटीहरू | चित्र, भिडियो | • स्थानीय स्तरमा खेती गरिने तरकारीहरू (आलु, बन्दाकोपी, काउली, टमाटर आदि) को चित्र/भिडियो देखाउँदै पहिचान गर्न लगाउने, आफ्नो घरमा खेती गरिएका तरकारीहरूको नाम बताउन लगाउने<br>• विभिन्न अन्नबाली तथा नगदे बाली (धान, मकै, गहुँ, तोरी, कोदो, अलैंची, कफि, सुन्तला आदि) को चित्र तथा भिडियो देखाउँदै पहिचान गर्न लगाउने,<br>• घरमा खेती गरिएको अन्न र नगदेबालीको नाम बताउन लगाउने, विभिन्न फलफूलहरू (आँप, कटहर, भुइँकटहर, नास्पाती, केरा, सुन्तला, अङ्गुर, किबी, एबोकार्ड आदि) को चित्र तथा भिडियो देखाउँदै पहिचान गर्न लगाउने,<br>• घरमा खेती गरिएको फलफूलको नाम बताउन लगाउने, विभिन्न जडीबुटी (बोझो, अदुवा, बेसार, टिमुर, पाँचऔंले, जटामसी, यार्सागुम्बा आदि) को चित्र तथा भिडियो देखाउँदै पहिचान गर्न लगाउने<br>• आफ्नो घरमा भएका जुडिबुटीको नाम बताउन लगाउने, स्थानीय स्तरमा खेती गरिएको तरकारी, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटी खेतीको अवलोकन भ्रमण गराई पहिचान गराउने विभिन्न | – घरमा खेती गरिने तरकारीहरूको नाम भन्न लगाएर<br>– विभिन्न तरकारीहरूको चित्र र तिनीहरूको नामबीच जोडा मिलाउन लगाएर<br>– घरमा वा वरपर गरिने अन्नबाली तथा नगदे बालीहरूको चित्र देखाई पहिचान गर्न लगाएर<br>– फलफूलहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाएर<br>– घर तथा वरपर पाइने तथा खेती गरिने जडीबुटीहरूको नाम बताउन लगाएर<br>– जुडिबुटीहरू चित्र देखाएर पहिचान गर्न लगाएर<br>– तरकारी, अन्नबाली, नगदेबाली, फलफूल तथा जडीबुटीको नाम र चित्रबीच जोडा मिलाउन लगाएर<br>– विभिन्न खेतीमा आफूले गरेको सहयोग भन्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. चैनपुर नगरपालिकाका स्थानीय प्रविधिहरूको नाम बताउन | • स्थानीय वा रैथाने प्रविधि स्थानीय प्रविधि (ढिकी, जाँतो, हलो, जुवा, दाँते, कोल, पानीघट्ट, आरन, मदानी ठेकी, दुधेरो, चैनपुरे करुवा लगायत | चित्र तथा भिडियो | • विभिन्न स्थानीय प्रविधिहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने,<br>• आआफ्नो घरमा भएका स्थानीय वा रैथाने प्रविधिको नाम बताउन लगाउने,<br>• स्थानीय वा रैथाने प्रविधिहरूको चिन्न दिई रङ्ग भर्न लगाउने,<br>• विभिन्न स्थानीय प्रविधिको अवलोकन गराउने विभिन्न स्थानीय प्रविधिको नाम देखाई तिनले गर्ने काम भन्न लगाउने । | – स्थानीय प्रविधिहरूको नाम बताउन लगाएर<br>– स्थानीय तथा रैथाने प्रविधिहरूको चित्र र नाम बीच जोडा मिलाउन लगाएर<br>– विभिन्न स्थानीय प्रविधिको काम सोधेर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. आफ्नो वरपर भएका उद्योगहरूको नाम बताउन | • घर वरपर रहेका उद्योगहरू (मिल, पाउरोटी उद्योग, चाउमिन उद्योग, साबुन उद्योग, पिउने पानी प्रशोधन उद्योग, अल्लो कपडा, चोया बाँसका उद्योग, धुप बनाउने, नेपाली कागज, लाहा आदि | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | -भिन्न उद्योगहरूको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको पहिचान गर्न लगाउने<br>–आफ्नो वरपर भएका उद्योगहरूको नाम बताउन लगाउने<br>–स्थानीय उद्योगहरूको अवलोकन भ्रमण गराउने स्थानीय उद्योगको अवलोकन पछि तिनीहरूल गर्ने कार्य (काम) बताउन लगाउने | –स्थानीय उद्योगहरू चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाएर<br>–उद्योगहरूको चित्र र नामबीच जोडा मिलाउन लगाएर विभिन्न उद्योगहरूको अवलोकन गराई काम बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा २ | १. आफ्नो स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायको नाम बताउन | • स्थानीय स्तरमा अपनाइने पेसा र व्यवसायहरू | • चित्र तथा भिडियो | - विभिन्न पेसा तथा व्यवसायहरूको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको नाम बताउन लगाउने र आवश्यक सहयोग गर्ने<br>- स्थानीय स्तरमा अपनाइएका पेसा तथा व्यवसायहरूको नाम बताउन लगाउने<br>- स्थानीय स्तरमा अपनाइएका पेसा तथा व्यवसायको नाम दिएर तिनले गर्ने कार्य (काम) बताउन लगाउने<br>—घरका परिवारका सदस्यले अपनाएको पेसा तथा व्यवसाय बताउन लगाउने | -स्थानीय स्तरका पेसा तथा व्यवसायको नाम बताउन लगाएर<br>- चित्र तथा भिडियोमार्फत् पेसा तथा व्यवसायको पहिचान गर्न लगाएर<br>- पेसा तथा व्यवसायको चित्र र नामबीच जोडा मिलाउन लगाएर विभिन्न पेसा तथा व्यवसायहरूको चित्रमा रङ भर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. आफ्नो समुदायमा गरिने तरकारी खेती, अन्नबाली/ नगदेबाली, फलफूल र जडीबुटीको पहिचान गर्न | • समुदायमा खेती गरिने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटीहरू<br>• तरकारी खेती<br>– अन्नबाली<br>– नगदेबाली<br>– फलफूलहरू<br>– जडीबुटीहरू<br>- दुग्ध प्रशोधन<br>- कफी प्रशोधन<br>- उखु, सक्खर | चित्र तथा भिडियो | • विद्‌यार्थीहरूलाई विभिन्न तरकारीहरूको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको पहिचान गर्न लगाउने<br>• घर तथा समुदायमा खेती गरिएका तरकारीको नाम भन्न लगाउने<br>• विभिन्न अन्नबाली/नगदेबालीहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने<br>• घर तथा समुदायमा खेती गरिएको अन्न/नगदेबालीको नाम बताउन लगाउने<br>• विभिन्न फलफूलहरूको चित्र तथा भिडियो देखाएर पहिचान गर्न लगाउने<br>• घर तथा समुदायमा खेती गरिएका फलफूलहरूको नाम बताउन लगाउने<br>• विभिन्न जडीबुटीहरू चित्र तथा भिडियो देखाएर पहिचान गर्न लगाउने<br>• घर तथा समुदायमा खेती गरिएका जडीबुटीहरूको नाम बताउन लगाउने<br>• तरकारी, अन्नबाली/नगदेबाली, फलफूल र जडीबुटीहरूको सूची दिएर तिनीहरूलाई तरकारी, अन्नबाली/नगदेबाली, फलफूल, जडीबुटी के हो ? भनी छुट्याउन लगाउने<br>• विभिन्न खेतीमा आफूले गरेको सहयोग बताउन लगाउने<br>• विद्‌यार्थीहरूलाई विद्‌यालय नजिकैको अन्नबाली, तरकारी, नगदेबाली, जडीबुटी | -समुदायमा खेती गरिने तरकारीको चित्र देखाई पहिचान गर्न लगाएर<br>-तरकारीको चित्र बनाउन लगाएर<br>- समुदायमा खेती गर्ने अन्नबालीको चित्र देखाई पहिचान गर्न लगाएर<br>- समुदायमा खेती गरिने नगदेबालीको चित्र देखाई पहिचान गर्न लगाएर<br>- समुदायमा खेती गरिने फलफूलको चित्र देखाई पहिचान गर्न लगाएर<br>- फलफूलको चित्र बनाउन लगाएर<br>- जडीबुटीहरूको चित्र देखाई नाम भन्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरूको नाम बताउन | • घर तथा स्थानीय स्तरमा प्रयोग गरिने परम्परागत एवम् आधुनिक प्रविधिहरू<br>• घरमा प्रयोग गरिने आधुनिक प्रविधिहरू<br>• स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिहरू (मिल, खेत जोत्ने विद्युतीय टयाक्टर, मिनिटिलर आदि) | • चित्र वा श्रव्यदृश्य सामग्री | -आधुनिक प्रविधिको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>- गाउँ टोल तथा घरमा प्रयोग गरिने आधुनिक प्रविधिहरूको चित्र देखाई नाम भन्न लगाउने<br>- घरमा प्रयोग गरिने आधुनिक प्रविधिहरू पालैपालो बताउन लगाउने<br>- स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक प्रविधिको चित्र बनाउन लगाएर | -घरमा प्रयोग गरिने आधुनिक प्रविधिको नाम बताउन लगाएर<br>- स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक उपकरणहरूको नाम भन्न लगाएर<br>- घर तथा स्थानीय स्तरमा प्रयोग गरिने आधुनिक उपकरणको चित्र र नामबिच जोडा मिलाउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. आफ्नो स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम बताउन | • स्थानीय उद्योग तथा कलकारखानाहरू | • चित्र वा भिडियो | -चित्र वा भिडियोको माध्यमबाट उद्योगको परिचय बताउने<br>-विद्यार्थीहरूलाई आफ्नो स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाको चित्र देखाई पहिचान गर्न लगाउने<br>- स्थानीय उद्योग तथा कलकारखानाको चित्र कोर्न लगाउने<br>- विभिन्न स्थानीय उद्योगहरूको चित्रमा रङ भर्न लगाउने, फिल्ड भिजिट गराउने | - उद्योगको परिचय दिन लगाएर<br>- स्थानीय स्तरमा रहेका उद्योग तथा कलकारखानाको नाम बताउन लगाएर<br>- चित्र देखाई उद्योग तथा कलकारखानाको पहिचान गर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ३ | १.पेसाको वर्गीकरण गर्न<br>स्थानीय स्तरका व्यवसायिक पेसाहरूको नाम बताउन | • पेसाको वर्गीकरण<br>• कृषिमा आधारित पेसाहरू<br>• गैर कृषिमा आधारित पेसाहरू | • चार्ट | –विद्यार्थीहरूलाई पेसाको वर्गीकरण गरिएको चार्ट देखाई छलफल गराउने<br>–पेसाको सूची तयार गरी वर्गीकरण गर्न लगाउने<br>–कृषिमा आधारित पेसाहरूको चित्र देखाई नाम भन्न लगाउने<br>–गैरकृषिमा आधारित पेसाहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने<br>–विभिन्न पेसाहरूको नाम भन्न लगाउने<br>–विभिन्न पेसाहरूको चित्र बनाउन लगाउने<br>–स्थानीय स्तरका व्यवसायिक पेसाहरूको चित्र देखाएर पहिचान गर्न लगाउने<br>–स्थानीय स्तरका व्यवसायिक पेसाहरूको नाम भन्न लगाउने | –पेसाको वर्गीकरण गर्न लगाएर<br>–कृषिमा आधारित पेसाहरू बताउन लगाएर<br>–गैरकृषिमा आधारित पेसाहरू बताउन लगाएर<br>–चित्र देखाई पेसाक पहिचान गर्न लगाएर<br>–विभिन्न पेसाको चित्र बनाउन लगाएर<br>–स्थानीय स्तरका व्यवसायिक पेसाहरू बताउन लगाएर<br>–चित्र देखाई व्यवसायिक पेसाहरू पहिचान गर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | द्द। चैनपुर नगरपालिकाभित्र गरिने तरकारी खेती, अन्नबाली, नगदेबाली र जडीबुटीको पहिचान गर्न | -चैनपुरमा खेती गरिने तरकारी, अन्नबाली, नगदेबाली, फलफूल र जडीबुटीहरू<br>–चैनपुरमा खेती गरिने तरकारीहरू –चैनपुरमा खेती गरिने अन्नबालीहरू<br>–चैनपुरमा खेती गरिने नगदेबालीहरू<br>–चैनपुरमा खेती गरिने फलफूलहरू<br>–चैनपुरमा खेती गरिने जडीबुटीहरू | ● तरकारीहरूको चित्र | – विद्यार्थीहरूलाई विभिन्न तरकारीहरूको चित्र देखाई पहिचान गर्न लगाउने<br>– चैनपुरभित्र खेती गरिने विभिन्न तरकारीको नाम भन्न लगाउने<br>– विभिन्न तरकारीहरूको चित्र बनाउन लगाउने<br>– चैनपुरभित्र खेती गरिने अन्न बालीहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने<br>– नगदे बालीको परिचय दिने र विभिन्न नगदे बालीको चित्र/भिडियो देखाई पहिचान गराउने<br>– फलफूलहरूको चित्र देखाई नाम भन्न लगाउने<br>– विभिन्न फलफूलको चित्र बनाउन लगाई रङ भर्न लगाउने<br>– जडीबुटीहरूको परिचय दिँदै विभिन्न जडीबुटीको चित्र देखाई नाम भन्न लगाउने | – विभिन्न चित्र देखाएर तरकारी, अन्नबाली, नगदेबाली र जडीबुटीको पहिचान गर्न लगाएर<br>– विभिन्न तरकारी, अन्नबाली, नगदेबाली र जडीबुटीको चित्र बनाई रङ भर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | घ। स्थानीय उद्योगहरूको सामान्य परिचय दिन | – स्थानीय उद्योगको परिचय (जस्तै अल्लो, नेपाली कागज, काठका ठेकी भाड, पानी प्रशोधन, माटोका भाडा, सुनचाँदीका गरगहना, छाला जुत्ता, फर्निचर) | उद्योगहरूको चित्र | –विद्यार्थीहरूलाई विभिन्न उद्योगहरूको चित्र देखाई नाम भन्न लगाउने<br>– स्थानीय उद्योगहरूको अवलोकन भ्रमण गराई परिचय गराउने<br>–विभिन्न भिडियो देखाएर थप स्पष्ट पार्ने<br>– स्थानीय उद्योगहरूको चित्र बनाउन लगाउने | –स्थानीय उद्योगहरूको नाम बताउन लगाएर<br>–स्थानीय उद्योगको चित्र देखाई पहिचान गर्न लगाएर<br>–स्थानीय उद्योगहरूले गर्ने कार्य सोधेर<br>–उद्योगबाट हुने फाइदा बताउन लगाएर<br>–स्थानीय उद्योगको चित्र बनाउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ४ | १.पेसाको वर्गीकरण (उत्पादन तथा सेवामूलक) गर्न | • पेसाको वर्गीकरण<br>• उत्पादनमूलक पेसाहरू<br>• सेवामूलक पेसाहरू | • चित्र तथा भिडियो | –विद्यार्थीहरूलाई विभिन्न पेसाहरूको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको नाम बताउन लगाउने<br>–कुन उत्पादनमूलक र कुन सेवामूलक होला भनी छुट्याउन लगाउने<br>–पेसाको वर्गीकरण गरिएको चार्ट प्रस्तुत गर्दै पेसाको वर्गीकरणबारे बताउने<br>–उत्पादमूलक पेसाको बारेमा बताउने<br>–उत्पादनमूलक पेसाहरूको चित्र देखाई पहिचान गर्न लगाउने<br>–उत्पानमूलक पेसाहरू केके हुन् भनी नाम भन्न लगाउने<br>–सेवामूलक पेसाको बारेमा बताउने<br>–सेवामूलक पेसाको चित्र देखाई नाम भन्न लगाउने<br>–सेवामूलक पेसाहरूको नाम भन्न लगाउने<br>–विभिन्न पेसाहरूको नाम लेखी कुन उत्पादनमूलक र कुन सेवामूलक पेसा हुन् छुटयाउन लगाउने<br>—विभिन्न पेसाहरूको चित्र कोर्न लगाउने | –पेसाको वर्गीकरण गर्न लगाएर<br>–उत्पादनमूलक पेसाको परिचय र नाम भन्न लगाएर<br>–सेवामूलक पेसाको नाम बताउन लगाएर<br>–विभिन्न पेसाहरूको नाम लेखी तिनीहरूलाई उत्पानमूलक र सेवामूलक कुन हुन् ? छुटयाउन लगाएर<br>—विभिन्न पेसाहरूको चित्र र पेसाको नामबिच जोडा मिलाउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.स्थानीय स्तरमा सञ्चालित साना व्यवसायको सामान्य जानकारी दिन | –स्थानीय स्तरमा सञ्चालित साना व्यवसायहरू<br>—स्थानीय स्तरमा सञ्चालित व्यवसायको महत्त्व | • चित्र तथा भिडियो | –विभिन्न व्यवसायहरूको चित्र तथा भिडियो देखाउँदै तिनीहरूको नाम बताउन लगाउने<br>–विद्यार्थीहरूलाई स्थानीय व्यवसायको परिचय बताउने र स्थानीय स्तरमा भएका साना व्यवसायहरूको नाम भन्न लगाउने<br>–स्थानीय व्यवसायका चित्र देखाई पहिचान गर्न लगाउने<br>–स्थानीय स्तरमा सञ्चालित साना व्यवसायको महत्त्व बताउन लगाउने<br>–साना व्यवसायको चित्र बनाउन लगाउने<br>—स्थानीय व्यवसायको महत्त्वको बारेमा छलफल गराई थप जानकारी दिने | –स्थानीय व्यवसायको परिचय भन्न लगाएर<br>–स्थानीय स्तरमा सञ्चालित साना व्यवसायको नाम भन्न लगाएर<br>–स्थानीय स्तरमा सञ्चालित व्यवसायको महत्त्व बताउन लगाएर स्थानीय स्तरमा सञ्चालित साना व्यवसायहरूको चित्र बनाई रङ भर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.करेसाबारीमा लगाइने खेतीको छनौट गर्न र उक्त कार्यमा सहभागी हुन | - करेसाबारी र कौसी खेती<br>– करेसाबारीको परिचय<br>– करेसाबारीको छनौट<br>– कौसी खेतीको परिचय<br>– कौसी खेतीको छनौट | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – विद्यार्थीहरूलाई तपाईँले तरकारी खेती कहाँकहाँ गरेको देख्नुभएको छ भनी प्रश्न गरेर छलफल गराउने<br>– छलफलपछि करेसाबारीको परिचय बताइदिने<br>– करेसाबारीको चित्र देखाई स्पष्ट पार्ने<br>– करेसाबारीको महत्त्व र छनौटबारे विद्यार्थीहरू बिच छलफल गराई भन्न लगाई<br>– कौसी खेतीको परिचय वताउन लगाउने र थप स्पष्ट पार्ने<br>– कौसी खेतीको चित्र देखाई थप स्पष्ट पार्ने<br>– करेसाबारी र कौसी खेतीको अवलोकन गराउने घर तथा विद्यालयको करेसाबारी खेती र कौसी खेतीमा विद्यार्थीहरूलाई सहभागी गराउने | – करेसाबारीको परिचय भन्न लगाएर<br>– करेसाबारीको महत्त्व बताउन लगाएर<br>– करेसाबारी खेतीमा सहभागी गराएर<br>– करेसाबारीको चित्र बनाउन लगाएर रङ भर्न लगाएर<br>– कौसी खेतीको परिचय र महत्त्व भन्न लगाएर<br>– कौसी खेतीको चित्र बनाउन लगाएर कौसी खेतीमा सहभागी गराएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४.माटोको उर्वराशक्ति संरक्षणका उपायबारे सामान्य जानकारी दिन | • माटोको उर्वराशक्तिको संरक्षण<br>• माटोको उर्वराशक्ति संरक्षण गर्ने उपायहरू<br>• माटोको उर्वराशक्ति संरक्षणबाट हुने फाइदाहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – माटोको बारेमा विद्यार्थीहरूबीच छलफल गराई माटोको कार्यबारे बताउने<br>– विद्यार्थीहरूलाई माटोको उर्वराशक्ति कसरी संरक्षण गर्न सकिन्छ भनी प्रश्न गरी छलफल गराउने र संरक्षणका उपायहरू बताउन लगाउने<br>– माटोको उर्वराशक्ति संरक्षण गर्ने उपायहरू लेखिएको चार्ट देखाई स्पष्ट पार्ने – माटाको उर्वराशक्ति संरक्षणबाट हुने फाइदाको बारेमा विद्यार्थीहरूबीच समूह बनाई भन्न लगाउने र अन्तमा आफूले बताइदिने<br>—विभिन्न चित्र मार्फत माटोको उर्वराशक्ति संरक्षण गर्ने उपायबारे थप स्पष्ट पार्ने | – माटोको उर्वराशक्ति कसरी संरक्षण गर्न सकिन्छ भनेर प्रश्न सोधेर<br>– माटोको उर्वराशक्ति संरक्षणबाट हुने फाइदाहरू बताउन लगाएर<br>—माटोको उर्वराशक्ति संरक्षण गर्ने उपायहरूको चित्र कोर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५.बिउ छनौट (रैथाने र उन्नत) गर्ने तरिका बताउन | - बिउको छनौट<br>–रैथाने बिउहरू<br>—उन्नत बिउहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | –विद्यार्थीहरूलाई बिउ भनेको केहो भनी प्रश्न गरेर छलफल गराउने<br>–बिउ किन छनौट गर्न आवश्यक पर्छ भनी छलफल गराउने<br>–विद्यार्थीहरूलाई बिउको परिचय र बिउ छनौट गर्नुको कारण बताइदिने<br>–रैथाने बिउहरूको नाम बताउन लगाउने –रैथाने बिउ लेखिएको चार्ट/स्लाइड देखाएर स्पष्ट पार्ने<br>–उन्नत बिउको नाम बताउन लगाउने र थप छलफल गराउने<br>—आधुनिक बिउहरूको नाम लेखिएको स्लाइडमार्फत् स्पष्ट पार्ने | –बिउको परिचय सोधेर<br>–रैथाने बीउहरूको नाम भन्न लगाएर<br>–आधुनिक बिउको नाम बताउन लगाएर<br>–विभिन्न बिउहरूको चित्र बनाउन र रङ भर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६.ब्याडको निर्माण गर्न र बेर्नाको हेरचाह गर्न | - ब्याड निर्माण र बेर्ना हेरचाह<br>–ब्याडको निर्माण<br>—बेर्नाको हेरचाह | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | –विद्यार्थीहरूलाई ब्याड भनेको के हो भनी प्रश्न गरेर छलफल गराउने<br>–ब्याडको परिचय गराउदै ब्याड निर्माण गर्ने तरिका बताइदिने<br>–विद्यालयको खाली जग्गामा ब्याड निर्माण गर्न लगाउने<br>–बेर्ना भनेको के हो भनी प्रश्न गरेर विद्यार्थीबाट उत्तर माग्ने र त्यसपछि आफूले थप स्पष्ट पार्ने<br>–बेर्ना कसरी हेरचाह गर्न सकिन्छ भनेर छलफल गराई स्पष्ट पारिदिने<br>- ब्याडको चित्र तथा भिडियो देखाई त्यसमा बेर्ना कसरी लगाउने बारेमा थप जानकारी गराउने | –ब्याडको परिचय सोधेर<br>–ब्याड निर्माण गर्ने तरिका भन्न लगाएर<br>–ब्याड निर्माण गर्न लगाएर<br>–बेर्नाको संरक्षण गर्ने तरिका बताउन लगाएर<br>—प्याडमा बेर्ना उम्रिएको चित्र कोर्न र रङ भर्न लगाउने |
| | ७.प्राङ्गारिक मलको परिचय दिन र प्रयोग गर्न | –प्राङ्गारिक मलको परिचय<br>–प्राङ्गारिक मलको महत्व | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | –विद्यार्थीहरूलाई उनीहरूले देखेको र थाहा पाएको मलको नाम भन्न लगाउने<br>–प्राङ्गारिक मलको बारेमा छलफल गराई प्राङ्गारिक मलको परिचय बताइदिने<br>–प्राङ्गारिक मलको महत्त्व भन्न लगाउने<br>–प्राङ्गारिक मलको महत्त्व लेखिएको चार्ट वा स्लाइड देखाएर थप स्पष्ट पार्ने प्राङ्गारिक मल बनाउने ठाउँको अवलोकन गराउने | –प्राङ्कारिक मलको परिचय भन्न लगाएर<br>–प्राङ्गारिक मलको महत्त्व बताउन लगाएर<br>–प्राङ्गारिक मल बनाउने<br>–विधिको बारेमा लेख्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८.कृषि कार्यसँग सम्बन्धित औजारको परिचय दिन र प्रयोग गर्न | - कृषि कार्यसँग सम्बन्धित औजारहरू<br>–कृषि कार्यसँग सम्बन्धित औजारहरू र प्रयोग (हसिया, कुटो, कोदालो, फरूवा, हलो, हजारी, खन्ती...) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | –विद्यार्थीहरूलाई कृषि कार्यसँग सम्बन्धित औजारहरूको नाम भन्न लगाउने र ती औजारहरू के काम गर्न प्रयोग गरिन्छ भनी सोधेर छलफल गराई भन्न लगाउने<br>–कृषि कार्यसँग सम्बन्धित औजारहरूको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने तथा पहिचान गराउने कृषि कार्यसँग विभिन्न औजारहरूको प्रयोग गर्ने तरिका बताउने | –कृषि कार्यमा प्रयोग हुने औजारहरूको नाम भन्न लगाएर<br>–कृषि कार्यमा प्रगोग हुने औजारको परिचय तथा प्रयोग तरिका बताउन लगाएर<br>—कृषि कार्यसँग सम्बन्धित विभिन्न औजारहरूको चित्र कोर्न लगाएर |
| | ९.घरायसी आधुनिक उपकरण परिचय दिन र सुरक्षितसाथ प्रयोग गर्न | –घरायसी आधुनिक उपकरणको परिचय र सुरक्षित प्रयोग (हिटर, इस्त्री, राइसकुकर)<br>–घरायसी प्रविधिहरूको सुरक्षित प्रयोग (हिटर, इस्त्री, राइसकुकर, ग्यास चुल्हो, विद्युतीय चुल्हो, ग्रेन्डर) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | –विद्यार्थीहरूलाई घरायसी आधुनिक प्रविधिहरूको नाम भन्न लगाउने<br>–घरायसी आधुनिक प्रविधिको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने तथा पहिचान गराउने<br>–घरायसी आधुनिक प्रविधिहरूको चित्र वा भिडियोमार्फत् परिचय बताउने<br>–घरायसी आधुनिक प्रविधिको सुरक्षित प्रयोगबारे विद्यार्थीहरूबीच छलफल गराई भन्न लगाउने<br>—घरायसी आधुनिक प्रविधिको सुरक्षित प्रयोगबारे बताइदिने | –घरायसी आधुनिक उपकरणको नाम भन्न लगाएर<br>–चित्रमार्फत घरायसी आधुनिक उपकरणको पहिचान गर्न लगाएर<br>–घरायसी आधुनिक प्रविधिको सुरक्षित प्रयोग गर्ने तरिका बताउन लगाएर<br>—घरायसी आधुनिक उपकरणहरूको चित्र बनाउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ५ | १.मध्यम र उच्च स्तरीय पेसा (परिचय, महत्त्व, प्रवेश योग्यता) को परिचय दिन | –पेसाको वर्गीकरण (मध्यम र उच्चस्तरीय पेसा)<br>–मध्यम स्तरीय पेसा –उच्च स्तरीय पेसा | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - विद्यार्थीहरूलाई पेसा भनेको के हो भनी प्रश्न गरेर छलफल गराउने र पेसाको सामान्य जानकारी गराउने<br>–विद्यार्थीहरूलाई पेसाको वर्गीकरण भएको चार्ट/स्लाइड देखाएर पेसाको वर्गीकरणबारे स्पष्ट पार्ने<br>–मध्यम स्तरका पेसाहरूमा कस्ताकस्ता पेसाहरू पर्दछन भनी नाम भन्न लगाउने साथै आफूले स्पष्ट पार्ने<br>–मध्यम स्तरका पेसाहरूको परिचय, महत्त्व र प्रवेश योग्यताको बारेमा छलफल गराई स्पष्ट पार्ने<br>–उच्च स्तरीय पेसाको परिचय गराउँदै त्यसको महत्त्व र प्रवेश योग्यताको बारेमा छलफल गराउँदै स्पष्ट पार्ने<br>–विभिन्न चित्र तथा भिडियोमार्फत् मध्यमस्तर र उच्चस्तरको पेसा बारेमा थप स्पष्ट पार्ने<br>–विभिन्न पेसाहरूको नाम लेखी मध्यम र उच्च कुन पेसा हो भनी छुट्याउन लगाउने | - पेसाको वर्गीकरण गर्न लगाएर<br>–मध्यम स्तरको पेसाको परिचय सोधेर<br>–मध्यम स्तरको पेसाको नाम भन्न लगाएर<br>–मध्यम स्तरको पेसाको प्रवेश योग्यता बताउन लगाएर<br>–उच्च स्तरको पेसाको परिचय भन्न लगाएर<br>–उच्च स्तरको पेसाको नाम भन्न लगाएर<br>–उच्च स्तरको पेसाको महत्त्व र प्रवेश योग्यता बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.स्थानीय स्तरमा गरिने केही प्रमुख फलफूल तथा तरकारी खेतीको परिचय र महत्व बताउन<br>३.फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किरा पहिचान र परम्परागत रोकथाम र संरक्षणका उपायहरू खोजी गर्न | - स्थानीय स्तरमा गरिने फलफूल तथा तरकारी<br>– फलफूल तथा तरकारीको परिचय<br>– तरकारी तथा फलफूल खेतीको महत्व<br>– फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किराहरू<br>–फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किराको परम्परागत रोकथाम तथा संरक्षण | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - विद्यार्थीहरूलाई स्थानीय स्तरमा गरिने फलफूल तथा तरकारीहरूको नाम भन्न लगाउने<br>– विभिन्न तरकारी तथा फलफूलको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाउने<br>– फलफूल तथा तरकारी खेतीको परिचय तथा महत्त्वको बारेमा विद्यार्थीहरूबीच छलफल गराउने र आफूले स्पष्ट पार्ने<br>– तरकारी तथा फलफूलमा लाग्ने रोगहरूको जानकारी गराउने<br>– फलफूल तथा तरकारीमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाउने<br>– तरकारी तथा फलफूल खेतीको अवलोकन गराई रोग तथा किराको पहिचान गराउने<br>– भिडियो तथा चित्रबाट रोग तथा किराको बारेमा थप जानकारी गराउने<br>– फलफूल तथा तरकारी खेतीमा लाग्ने रोग तथा किराको रोकथाम तथा संरक्षण गर्ने परम्परागत उपायहरूको बारेमा छलफल गराउँदै स्पष्ट पार्ने । | – स्थानीय स्तरमा खेती गरिने फलफूलहरूको नाम भन्न लगाएर<br>– स्थानीय स्तरमा खेती गरिने तरकारीहरूको नाम भन्न लगाएर<br>– फलफूल तथा तरकारीको चित्र तथा भिडियो देखाई पहिचान गर्न लगाएर<br>– फलफूल तथा तरकारी खेतीको महत्व बताउन लगाएर<br>– फलफूलमा लाग्ने रोगहरू नाम भन्न लगाएर<br>– फलफूलमा लाग्ने रोगहरू पहिचान गर्न लगाएर<br>– फलफूलमा लाग्ने किराको नाम भन्न लगाएर तथा किरा पहिचान गर्न लगाएर<br>– तरकारीमा लाग्ने रोग तथा किराहरू पहिचान गर्न लगाएर – फलफूल लाग्ने रोग तथा किराहरूको रोकथाम तथा संरक्षण गर्ने परम्परागत उपायहरू बताउन लगाएर<br>– तरकारीमा लाग्ने रोग तथा किराको रोकथाम तथा संरक्षणका उपायहरू भन्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४.रासायनिक मल र यसको प्रयोगबाट हुने फाइदा बताउन<br>५. प्राङ्गारिक मल बनाउने तरिका र यसका फाइदा बताउन | **- रासायनिक तथा प्राङ्गारिक मल**<br>– रासयनिक मल र यसको प्रयोगबाट हुने बेफाइदा/बेफाइदा<br>– प्राङ्गारिक मल र प्राङ्गारिक मल बनाउने तरिका<br>– प्राङ्गारिक मलको प्रयोगबाट हुने बेफाइदा | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - विद्यार्थीहरूलाई रासायनिक मलको परिचय दिँदै यसको प्रयोगबाट हुने बेफाइदाहरू बताउने<br>– प्राङ्गारिक मलको परिचय दिँदै यो बनाउने तरिकाको बारेमा जानकारी गराउने<br>– प्राङ्गारिक मल बनाउन लगाउने<br>– प्राङ्गारिक मलको प्रयोगबाट हुने फाइदाहरूको बारेमा छलफल गराई स्पष्ट पार्ने | – रासायनिक मलको बेफाइदा बताउन लगाएर<br>– प्राङ्गारिक मलको परिचय भन्न लगाएर<br>– प्राङ्गारिक मलको प्रयोगबाट हुने फाइदा बताउन लगाएर<br>– प्राङ्गारिक मल बनाउन लगाएर |
| | ६.परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध बताउन<br>७.स्थानीय प्रविधि (हलो, पानीघट्ट, कोल) को कार्य सिद्धान्त वर्णन गर्न | **- परम्परागत र आधुनिक प्रविधि**<br>–परम्परागत र आधुनिक प्रविधिको अन्तरसम्बन्ध<br>–स्थानीय प्रविधि र कार्य सिद्धान्त (हलो, पानीघट्ट, कोल) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - विद्यार्थीहरूलाई परम्परागत प्रविधि र आधुनिक प्रविधिको जानकारी गराउँदै तिनीहरूबीचको अन्तरसम्बन्धको बारेमा स्पष्ट पार्ने<br>– परम्परागत प्रविधिसँग सम्बन्धित रहेर आधुनिक प्रविधि कसरी विकास भए भन्ने बारेमा चित्र तथा भिडियो मार्फत् जानकारी गराउने<br>–विभिन्न परम्परागत प्रविधिहरूको कार्य सिद्धान्तको बारेमा विद्यार्थीहरूबीच छलफल गराई स्पष्ट पार्ने | - परम्परागत र आधुनिक प्रविधिहरूको नाम भन्न लगाएर<br>– परम्परागत प्रविधि र आधुनिक प्रविधिको अन्तरसम्बन्ध सोधेर<br>– विभिन्न परम्परागत प्रविधिको कार्य सिद्धान्त बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ८.घरायसी केही आधुनिक प्रविधिहरूको परिचय दिन र सुरक्षित तरिकाले प्रयोग गर्न | - घरायसी आधुनिक प्रविधिहरू र मोबाइल सिमकार्ड, रिचार्ज<br>– घरायसी आधुनिक प्रविधिको परिचय<br>– घरायसी आधुनिक प्रविधिको सुरक्षित प्रयोग | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | —विद्यार्थीहरबीच घरायसी आधुनिक प्रविधि (एसी, टि.भी., प्रेसर कुकुर, राइस कुकर) को परिचय र तिनीहरूको सुरक्षित प्रयोगबारे छलफल गराउने<br>– चित्र तथा भिडियो देखाई थप स्पष्ट पार्ने<br>– सुरक्षित प्रयोग गर्न नसकेमा हुने बेफाइदाहरू बताउने | - घरायसी आधुनिक उपकरण (एसी, टिभी प्रेसर कुकर, राइस कुकर) को परिचय भन्न लगाएर<br>– चित्र देखाई उपकरणहरू चिन्न लगाएर<br>– माथि उल्लिखित आधुनिक उपकरणहरूको सुरक्षित प्रयोगको उपायहरू बताउन लगाएर |
| | ९.मोवाइलको सिमकार्ड रिचार्ज, स्मार्ट फोन र यसका एप्लिकेसनहरूको प्रयोग गर्न | - मोबाइल सिमकार्ड, रिचार्ज गर्ने तरिका, —स्मार्ट फोनको परिचय, प्ले स्टोर, र महत्त्वपूर्ण एप्सहरू (जस्तो नेपाली/अङ्ग्रेजी शब्दकोश, क्याम स्क्यानर, जुम, भाइबर, साइन्टिफिक क्याल्कुलेटर आदि) | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – मोबाइलको सिमकार्ड रिचार्ज गर्ने तरिका बताउने<br>– मोबाइल सिमकार्ड रिचार्ज गर्न लगाउने<br>- स्मार्ट फोनको प्ले स्टोर लग इन गर्न लगाउने<br>- विभिन्न एप्सहरू डाउनलोड गर्ने र तिनीहरूको प्रयोग व्यवहारिक रूपमा अवलोकन गर्न लगाउने । | - मोबाइलका सिमकार्डको प्रकार सोध्ने<br>- रिचार्ज/ब्यालेन्स चेक गर्ने तरिका सोध्ने<br>- विभिन्न एन्ड्रोएड एप्सका कार्यहरूको अभ्यास गर्न लगाउने |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ६ | १.कामका आधारमा व्यवसायको परिचय, महत्व र किसिम बताउन | - कामको आधारमा व्यवसायको परिचय, महत्त्व र किसिम<br>– व्यवसायको परिचय<br>– व्यवसायको महत्त्व<br>– व्यवसायको किसिम | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | — विद्यार्थीहरूलाई व्यवसायको बारेमा छलफल गराई व्यवसायको परिचयको बारेमा स्पष्ट पार्ने<br>- व्यवसायको महत्वको बारेमा विद्यार्थीहरूलाई भन्न लगाउने र अन्तमा आफूले प्रस्ट पार्ने ।<br>- कामको आधारमा व्यवसायको प्रकारका बारेमा जानकारी गराउँदै उक्त व्यवसायहरूको बारेमा छलफल गराउने र प्रष्ट पार्ने ।<br>- चित्र देखाई विभिन्न व्यवसायहरूका बारेमा थप जानकारी गराउने | - व्यवसायको परिचय बताउन लगाएर<br>– व्यवसायको महत्व बताउन लगाएर<br>– कामको आधारमा व्यवसायको वर्गीकरण गर्न लगाएर |
| | २.स्थानीय स्तरमा सञ्चालित उद्योग वा व्यवसायमा संलग्न भई प्रत्यक्ष अनुभव तथा सीपको जानकारी हासिल गर्न | - स्थानीय स्तरमा सञ्चालित उद्योग वा व्यवसायहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – विद्यार्थीहरूलाई स्थानीय स्तरमा सञ्चालित उद्योग तथा व्यवसाय भएका क्षेत्रहरूको भ्रमण गराउने साथै विभिन्न उद्योग तथा व्यवसाय कुन सीपमा आधारित छन् भनी प्रतिवेदन तयार गर्न लगाउने । | - विद्यार्थीहरूलाई स्थानीय स्तरमा सञ्चालित उद्योग तथा व्यवसाय भएका क्षेत्रहरूको भ्रमण गराउने साथै विभिन्न उद्योग तथा व्यवसाय कुन सीपमा आधारित छन् भनी प्रतिवेदन तयार गर्न लगाउने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.स्थानीय जडीबुटीको पहिचान गर्न र उपयोग बताउन | - हाम्रा वरपरका जडीबुटीहरू<br>– स्थानीय स्तरमा भएका जडीबुटी र तिनको परिचय<br>– जडीबुटीको महत्त्व | | - विद्यार्थीहरूलाई जडीबुटीहरूको नाम भन्न लगाई विभिन्न जुडीबुटीहरूको पहिचान गर्न लगाउने ।<br>- जडीबुटीको महत्त्वको बारेमा छलफल गराई समूहगत रूपमा भन्न लगाउने र थप स्पष्ट पार्ने ।<br>- विभिन्न जडीबुटीहरूको चित्र तथा भिडियो देखाई थप स्पष्ट पार्ने । | – जडीबुटीको नाम भन्न लगाएर<br>– जडीबुटीको चित्र देखाई पहिचान गर्न लगाएर<br>– जडीबुटीको महत्त्व भन्न लगाएर |
| | ४. प्लास्टिक टनेल बनाउने तरिका पहिचान गरी निर्माण गर्न र यसको महत्त्व बताउन | - प्लास्टिक टनेल र यसको महत्त्व<br>– प्लास्टिक टनेलको परिचय<br>– प्लास्टिक टनेल निर्माण विधि<br>– प्लाष्टिक टनेलको महत्त्व | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - विद्यार्थीहरूलाई प्लास्टिक टनेलको भिडियो देखाई यसको परिचय बताउने<br>- प्लाष्टिक टनेल बनाउने विधि बताई निर्माण गर्न लगाउने ।<br>- प्लास्टिक टनेलको महत्त्वको बारेमा छलफल गराई थप स्पष्ट पार्ने । | -प्लास्टिक टनेलको परिचय बताउन लगाएर<br>- प्लाष्टिक टनेल बनाउने विधि बताउन लगाएर<br>- प्लास्टिक टनेलको महत्त्व बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती तथा पशुपंक्षी पालन (तरिका, बिउ छनोट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका अवलम्बन र उत्पादन गर्न (आलुखेती, टमाटरखेती, केराखेती, बङ्गुरपालन लगायत) | • स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती तथा पशुपंक्षी पालन गर्ने तरिका<br>• बिउ छनोट, रोग पहिचान र रोग तथा किराबाट संरक्षणको परम्परागत तरिका<br>• आलुखेती, टमाटरखेती, केराखेती, बङ्गुरपालन | | • आलुखेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• टमाटर खेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई भन्न लगाउने तथा स्पष्ट पार्ने<br>• केराखेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>• बङ्गुरपालन गर्ने तरिका, प्रजाति छनोट, रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई समूहगत रूपमा भन्न लगाउने र थप स्पष्ट पार्ने | – आलुको विभिन्न बिउहरूको नाम र आलु खेती गर्ने विधि बताउन लगाएर<br>– आलुमा लाग्ने रोग तथा किराहरूको नाम र उक्त रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– टमाटरको विभिन्न बिउहरूको नाम भन्न लगाएर<br>– टमाटर खेती गर्ने विधि बताउन लगाएर<br>– टमाटरमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>– टमाटरमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– केराको विभिन्न बिउहरूको नाम भन्न लगाएर<br>– केरा खेती गर्ने विधि बताउन लगाएर<br>– केरामा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>– केरामा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– बङ्गुरका विभिन्न प्रजातिहरूको नाम भन्न लगाएर<br>– बङ्गुर पालन गर्ने विधि बताउन लगाएर<br>– बङ्गुर पालनमा लाग्ने रोग तथा किराहरूको नाम भन्न लगाएर<br>– बङ्गुर पालनमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. आधारभूत प्राविधिक पेसाको परिचय दिन र तिनको महत्त्व बताउन -घर तथा विद्‌यालयमा प्रयोग गरिने आधुनिक प्रविधिको परिचय दिन र प्रयोग गर्न | • आधारभूत प्राविधिक पेसाको परिचय<br>• आधारभूत प्राविधिक पेसा र घर तथा विद्‌यालयमा प्रयोग गरिने आधुनिक प्रविधिहररू<br>• आधारभूत पेसाको महत्त्व<br>• घर तथा विद्‌यालयमा प्रयोग गरिने प्रविधिहरूको परिचय र प्रयोग (प्रोजेक्टर, स्मार्टबोर्ड, ल्यापटप, डेस्कटप) | प्रोजेक्टर, स्मार्टबोर्ड, ल्यापटप, डेस्कटप वा तस्वीर | - विद्‌यार्थीहरूलाई आधारभूत प्राविधिक पेसाहरूको बारेमा छलफल गराउने<br>- आधारभूत प्राविधिक पेसाको महत्त्वबारे विद्‌यार्थीहरू बिच छलफल गराई भन्न लगाउने र स्पष्ट पार्ने<br>- घर तथा विद्‌यालयमा प्रयोग गरिने प्रविधिहरू (प्रोजक्टर, ल्यापटप र डेस्कटप) को परिचय र प्रयोगबारे बताउने र प्रयोग गर्न लगाउने | - आधारभूत प्राविधिक पेसाहरूको नाम भन्न लगाएर<br>- आधारभूत प्राविधिक पेसाको महत्त्व बताउन लगाएर<br>- ल्यापटप, प्रोजक्टर र डेस्टपको परिचय भन्न लगाएर<br>- ल्यापटप प्रोजक्टर र डेस्कटप प्रयोग गर्न लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ७ | १. मौसमी तथा बेमौसमी खेतीको परिचय दिन | - मौसमी तथा बेमौसमी खेती<br>– बेमौसमी खेती र यसको महत्त्व | | – मौसमी खेतीका बारेमा छलफल गर्ने<br>– बेमौसमी खेतीको परिचय बताई यसको महत्त्वका बारेमा छलफल गराई थप स्पष्ट पार्ने । | – मौसमी खेतीको परिचय बताउनुहोस् ।<br>– बेमौसमी खेतीको परिचय तथा यसको महत्त्वको बताउनुहोस् । |
| | २. प्राङ्गारिक तथा रासायनिक मलको परिचय दिन र प्राङ्गारिक मलको उपयोगिता वर्णन गर्न | - प्राङ्गारिक तथा रासायनिक मल<br>– प्राङ्गारिक मल र उपयोगिता<br>– रासायनिक मल र यसको प्रयोग<br>– रासायनिक मलको प्रयोगबाट हुने असरहरू | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – प्राङ्गारिक मल र रासायनिक मलको परिचय बारेमा छलफल गराई वर्गीकरण गर्न लगाउने<br>– प्राङ्गारिक र रासायनिक मलका फाइदा तथा बेफाइदाका बारेमा छलफल गराउने | – प्राङ्गारिक मलको परिचय सोधेर<br>– रासायनिक मलको परिचय सोधेर<br>– प्राङ्गारिक मलको प्रयोगबाट हुने फाइदाहरू बताउन लगाएर<br>– रासायनिक मलको प्रयोगबाट हुने फाइदा तथा बेफाइदा भन्न लगाएर |
| | ३. प्लास्टिक पोखरी निर्माण गर्न तथा यसका फाइदा बताउन<br>४. थोपा सिँचाइको परिचय दिन र प्रयोग गर्न | - प्लास्टिक पोखरी र थोपा सिँचाइ<br>– प्लास्टिक पोखरीको परिचय र फाइदा<br>– थोपा सिँचाइको परिचय र प्रयोग | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – प्लास्टिक पोखरीको परिचय बताउने<br>– प्लास्टिक पोखरीको अवलोकन गराउने<br>– चित्र तथा भिडियोमार्फत् प्लास्टिक पोखरीको प्रदर्शन गराउने<br>– थोपा सिँचाइको परिचय बताउने<br>– थोपा सिँचाइ भएको क्षेत्रको अवलोकन गराउने<br>– भिडियोमार्फत् जानकारी गराउने | – प्लास्टिक पोखरीको परिचय सोधेर<br>– प्लास्टिक पोखरीको महत्त्व बताउन लगाएर<br>– थोपा सिँचाइको परिचय तथा महत्त्व बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. गड्यौला खेतीको परिचय दिन र यसको महत्व बताउन | - गड्यौला खेतीको परिचय<br>– गड्यौला खेतीको महत्व<br>– गड्यौला खेती गर्ने तरिका | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – गड्यौलाको परिचय बताउने<br>– गड्यौलाको अवलोकन गराउने<br>– गड्यौला खेती गर्ने तरिका बताउने<br>– चित्र तथा भिडियो देखाएर गड्यौला खेतीको बारेमा थप जानकारी गराउने<br>– गड्यौला खेती गर्न लगाउने | – गड्यौला खेतीको परिचय सोधेर<br>– गड्यौलाको महत्त्व बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. तरकारी खेती, फलफूल खेती, अन्न बाली तथा पशुपंक्षी पालन (तरिका, बिउ छनोट, रोग पहिचान गर्न र रोग तथा किराबाट संरक्षण) को परम्परागत तरिका अवलम्बन र उत्पादन गर्न | - स्थानीय स्तरमा गरिने तरकारी खेती, फलफूल खेती र पशुपंक्षी पालन<br>– मकैखेती<br>– गहुँखेती<br>- कुखरा/हाँसपालन<br>– गाईपालन<br>- भैँसीपालन | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – मकै खेती गर्ने तरिका, बिउ छनौट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>– गहुँखेती गर्ने तरिका, बिउ छनोट र रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई भन्न लगाउने तथा स्पष्ट पार्ने<br>– कुखुरा तथा हाँस पालन गर्ने तरिका, प्रजाति छनोट र रोगको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई स्पष्ट पार्ने<br>– गाई/भैँसीपालन गर्ने तरिका, प्रजाति छनौट, रोग तथा किराहरूको पहिचान र तिनको संरक्षणको तरिका बारेमा छलफल गराई समूहगत रूपमा भन्न लगाउने र थप स्पष्ट पार्ने । | – मकैको विभिन्न बिउहरूको नाम भन्न लगाएर<br>– मकै खेती गर्ने विधि बताउन लगाएर<br>– मकैमा लाग्ने रोग तथा किराहरूको नाम र मकैमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– गहुँको प्रजाति र गहुँखेती गर्ने विधि बताउन लगाएर<br>– गहुँमा लाग्ने रोग तथा किराहरूको नाम र गहुँमा लाग्ने रोग तथा किराबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– कुखुरा/हाँसका विभिन्न प्रजातिहरूको नाम र कुखुरा/हाँस पालन गर्ने विधि बताउन लगाएर<br>– कुखुरा/हाँसमा लाग्ने रोग तथा किराहरूको नाम र कुखुरा/हाँसमा लाग्ने रोगबाट संरक्षण गर्ने उपायहरू भन्न लगाएर<br>– गाईभैँसीका विभिन्न प्रजातिहरूको नाम र गाई/भैँसीपालन गर्ने विधि बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७. परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका पहिचान गर्न र प्रयोग गर्न | - परम्परागत बिउ संरक्षण र यसको प्रयोग | | - परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका बताउने – परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका अभ्यास गराउने | - परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका बताउने<br>– परम्परागत रूपमा बिउ संरक्षण गर्ने तरिका अभ्यास गराउने |
| | ८ आधुनिक प्रविधिको परिचय दिन र सुरक्षित प्रयोग गर्न | - आधुनिक प्रविधिको परिचय र सुरक्षित प्रयोग<br>- रेफ्रिजेरेटर, हिटर | चित्र तथा भिडियो | – रेफ्रिजेरेटरको परिचय र प्रयोगबारे बताउने<br>– हिटरको परिचय र प्रयोगबारे बताउने<br>– आइप्याडको परिचय र प्रयोगबारे बताउने<br>– चित्र तथा भिडियो मार्फत् थप जानकारी गराउँदै छलफल गराउने | – रेफ्रिजेरेटरको परिचय सोधेर<br>– रेफ्रिजेरेटरको प्रयोग बताउन लगाएर<br>– हिटरको परिचय र<br>– आइप्याडको परिचय बताउन र प्रयोग गर्न लगाएर |
| कक्षा ८ | 1. साना व्यवसाय सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका बताउन | —साना व्यवसायहरू सञ्चालन र व्यवस्थापन | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | – साना व्यवसायको परिचय बताउने<br>– साना व्यवसाय सञ्चालन र व्यवस्थापन गर्ने तरिकाबारे विद्‍यार्थीहरूकाबीच छलफल गराई थप स्पष्ट पार्ने | – साना व्यवसायको परिचय भन्न लगाएर<br>– साना व्यवसाय सञ्चालन गर्ने तरिका बताउन लगाएर<br>– साना व्यवसायको व्यवस्थापन गर्ने तरिका बताउन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | 2. फलफूल नर्सरीको परिचय दिन र महत्त्व बताउन | - फलफूल नर्सरीको परिचय<br>– फलफूल नर्सरीको महत्त्व | चित्र, भिडियो, शिक्षक — विद्यार्थी निर्मित सामग्रीहरु | - फलफुल नर्सरीको परिचय बताउने<br>– फलफूल नर्सरीको महत्त्वको बारेमा छलफल गराई स्पष्ट पार्ने<br>– फलफूल नर्सरीको अवलोकन गराउने | - फलफूल नर्सरीको परिचय भन्न लगाएर<br>– फलफूल नर्सरीको महत्त्व बताउन लगाएर |
| | 3. स्थानीय र उन्नत जातका प्रमुख फलफूलहरूको पहिचान गर्न र छनौट गरी उत्पादनमा सहभागी हुन | - स्थानीय तथा उन्नत जातका फलफूलहरू<br>– स्थानीय जातका फलफूलहरू<br>– उन्नत जातका फलफूलहरू | | – स्थानीय जातका फलफूलको पहिचान गर्न लगाई सूची तयार गर्न लगाउने | – स्थानीय तथा उन्नत जातका फलफूल पहिचान गर्न लगाई छनौट र उत्पादनमा सहभागी हुन लगाएर |

| | | | | | |
|---|---|---|---|---|---|
| | 4. घर तथा विद्यालयमा उत्पादन गरिने फलफूल खेतीमा सहयोग गर्न फल टिप्ने समय र तरिका तथा फलफूलको संरक्षण गर्ने तरिका बताउन<br>५. फलफूलका वानस्पतिक प्रजननका तरिका बताउन र प्रयोग गर्न | –स्थानीय फलफूल टिप्ने समय र तरिका<br>– फलफूलको संरक्षण<br>– फलफूलको वानस्पतिक प्रजनन (कटिङ, ग्राफ्टीङ, बडिङ) | –चित्र तथा भिडियोहरू | – फलफूल टिप्ने समय र तरिकाका बारेमा बताउने<br>– फलफूलको संरक्षणको तरिका बताउने<br>– फलफूलको वानस्पतिक प्रजननका तरिकाबारे छलफल गराई स्पष्ट पार्ने<br>– वानस्पतिक प्रजजनका तरिकाममध्ये कटिङ्, ग्राफ्टिङ र बडिङ विधिको प्रयोगमार्फत् स्पष्ट पार्ने | - फलफूल टिप्ने समय र तरिका भन्न लगाएर<br>– फलफूलको संरक्षण गर्ने तरिका बताउन लगाएर<br>– कटिङ्, ग्राफ्टिङ र बडिङ्को परिचय तथा बनाउने तरिका सोधेर |

| | | | | | |
|---|---|---|---|---|---|
